# कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन

द.नं. १५५


शोधार्थी

उमिता पौडेल

क्याम्पस क्रमाङ्क र शैक्षिक वर्ष १७५ (२०६८/०६९)

त्रि.वि. दर्ता नं : ९-२-३०८-१०४-२००७

दोस्रो वर्षको परीक्षा क्रमाङ्क : २१८००६८ (२०६९)


नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त प्रस्तुत शोधपत्र

| शोधपत्र गरेको मिति : | त्रिभुवन विश्वविद्यालय | शोधपत्र भाइभा भएको मिति : |
|---|---|---|
| वि.सं. २०७५/११/०६ | शिक्षाशास्त्र सङ्काय | वि.सं. २०७५/१२/१७ |
| इ.सं.१८ फेब्रुअरी २०१९ | जनता बहुमुखी क्याम्पस | इ.सं.३१ मार्च २०१९ |


नेपाली शिक्षा विभाग

इटहरी, सुनसरी

# स्वयम् घोषणा

म शोधार्थी उमिता पौडेल यो घोषणा गर्दछु - प्रस्तुत शोधपत्र मेरो मौलिक अनुसन्धान हो । शोधपत्रको कुनै अंशसमेत मैले कहीँकतैबाट हुबहु नक्कल गरेको होइन । आवश्यकताअनुसार सन्दर्भ र स्रोत खुलाई पूर्वकार्यको प्रयोग गरेकी छु । यदि कहीँकतैबाट हुबहु नक्कल गरेको प्रमाणित भए त्यसबाट आउने सबैखाले परिणामहरूको सामना गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । यस सम्बन्धमा पछि कहीँकतै र कुनै किसिमको उजुरबाजुर गर्ने छैन ।

मिति :- २०७५/११/०६

..........................

शोधार्थी

उमिता पौडेल

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितिय वर्षको ने.पा. शि. (५९८) को शोधपत्रको प्रयोजनका निम्ति तयार पारेकी हुँ । उक्त प्रयोजनलाई पूरा गर्न **कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** को विश्लेषण गर्ने काम गरिएको छ । नेपाली भाषा नै नेपाली भाषाको शब्दभण्डार हो जति धेरै शब्दभण्डारको विकास हुन्छ नेपाली भाषा संस्कृत बाट नै विकसित भएको हो । नेपाली भाषामा तत्सम शब्दको बढी प्रयोग भएको छ । तत्सम शब्द बाट नै नेपाली शब्दभण्डारले धेरै ठाउँ ओगटेको पाइन्छ । त्यसैले गर्दा तत्सम शब्दको विश्लेषण गरी यसको वर्ग, बनोट, आवृत्ति र अर्थ के कसरी भएको छ भन्ने कुरालाई प्रष्ट्याउने काम गरिएको छ ।

यस शोधपत्र लेखनको प्रारम्भदेखि आफ्नो व्यस्तताका बावजूद पनि यस स्वरूपमा ल्याउन अविछिन्न रूपमा सल्लाह सुझाव साथै कुशल निर्देशन गर्नुहुने शोध निर्देशक गुरु **नवीनकुमार शर्माप्रति** हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यसैगरी शोधप्रताव शीर्षक चयन गर्नुहुने नवीन कुमार शर्मा लगायतका गुरुहरू तथा नेपाली विभागका सम्पूर्ण गुरुवर्गहरूमा हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी मेरो अध्ययनका हरेक क्षणमा उपयुक्त सल्लाह सुझाव र उचित वातावरण बनाइ यो अवस्था सम्म पुऱ्याउन सदैव साथ र हौसला प्रदान गर्नुहुने मेरा श्रीमान् शङ्कर कार्कीज्यू मा आभार प्रकट गर्दछु । यसैगरी अध्ययनको सिलसिलामा हरेक समयमा हौसला प्रदान गरेर शैक्षिक यात्राको यो तहसम्म पुऱ्याउन महत्वपूर्ण सहयोग गर्नुहुने आदरणीय दाइ श्री हरि दाहालज्यू एवम् मेरा सम्पूर्ण आफन्त साथै मित्रहरू लगायत सबैमा आभार प्रकट गर्दछु ।

यसैगरी शोधपत्रलाई कम्प्युटर टाइप एवम् ले- आउटगरी सहयोग पुऱ्याउनुहुने  शिव प्रिन्टरलाई पनि विशेष धन्यवाद दिन चाहान्छु ।

उमिता पौडेल

मिति : २०७५/११/०६

## शोधसार

**शोधार्थीको नाम** : उमिता पौडेल

**शोधशीर्षक** : कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन

**शोध निर्देशक** : नवीनकुमार शर्मा

**क्याम्पस** : जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी

**पृष्ठसङ्ख्या** :६१+८


**समस्या कथन** :

क) कक्षा नौको नेपाली पाठ्यपुस्तकमा के कस्ता तत्सम शब्दहरू रहेका छन् ?

ख) शब्दवर्गका आधारमा तत्सम शब्दहरू के कस्ता रहेका छन् ?

ग) कथाका तत्सम शब्दहरूको बनोट प्रक्रिया कस्तो छ ?

घ) कथाका तत्सम शब्दहरूको आवृत्तिको अवस्था कस्तो छ ?

**उद्देश्य :**

(क) कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको पहिचान गर्नु ,

(ख) कथाका तत्सम शब्दहरूको शब्दवर्ग पत्ता लगाउनु ,

(ग) कथाका तत्सम शब्दहरूको बनोट प्रक्रिया पत्ता लगाउनु ,

(घ) कथाका तत्सम शब्दहरूको आवृत्तिको अवस्था पत्ता लगाउनु

**अध्ययन विधि :**

यहाँ कक्षा नौको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययनका लागि जनसङ्ख्याको नमुनाका रूपमा चारवटा कथा विधामा प्रयुक्त सम्पूर्ण शब्दहरूलाई लिइएको छ ।

**निष्कर्ष :**

- शोधपत्रको सुरूमा भाषा, शब्द, शब्दवर्गीकरण, बनोट, प्रक्रिया, अर्थ र पृष्ठ आदिलाई प्रस्तुत गरिएको,
- संस्कृत भाषाबाट जस्ताको तस्तै रूप नफेरिई नेपाली भाषामा प्रयोगमा आएका शब्दलाई तत्सम शब्द भनिएको,
- शब्दलाई शब्द वर्ग, बनोट प्रक्रियाका आधारमा वर्गीकरण गरिएको,
- तत्सम शब्दको अर्थ प्रष्ट पारिएको,

## विषयसूची

| | |
|---|---|
| | पृष्ठसङ्ख्या |
| **अध्याय एक : शोधपरिचय** | **१-४** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्या कथन | २ |
| १.३ अध्ययनको उद्देश्य | २ |
| १.४ अध्ययनको औचित्य तथा महत्व | २ |
| १.५ अध्ययनको परिसीमा | ३ |
| १.६ पारिभाषिक शब्द | ३ |
| १.७ अध्ययनको रूपरेखा | ४ |
| **अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना** | **५–११** |
| २.१ पूर्वकार्यको समीक्षा | ५ |
| २.२ पूर्वकार्यको उपयोगिता | १० |
| २.३ सैद्धान्तिक / धारणात्मक संरचना | ११ |
| **अध्याय तीन : अध्ययन विधि र पक्रिया** | **२१–२२** |
| ३.१ अध्ययनको संरचना | २१ |
| ३.२ जनसङ्ख्या र नमुना | २१ |
| ३.३ नमुना छनौट प्रक्रिया | २१ |
| ३.४. तथ्याङ्क सङ्कलन साधन | २१ |
| ३.५. तथ्याङ्क सङ्कलन प्रक्रिया | २१ |
| ३.६. तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया | २२ |

**अध्याय चार : व्याख्या र विश्लेषण** **२३–५४**

४.१. कक्षा नौको नेपाली पाठ्यपुस्तकमा विधाहरुको छनोटको अवस्था २३

४.१.१. अनारको बोट कथामा प्रयुक्त तत्सम शब्दहरू २४

४.१.२. निद्रा कथा मा प्रयुक्त तत्सम शब्दहरू ३२

४.१.३. डाक्टर अङ्कल कथामा प्रयुक्त तत्सम शब्दहरू ४०

४.१.४. बन्धनबाट मुक्ति कथामा प्रयुक्त तत्सम शब्दहरू ४६

४.२. छलफल/व्याख्या ५४

**अध्याय पाँच : निष्कर्ष, उपयोगिता र सुझाव** **५६–६१**

५.१. निष्कर्ष ५६

५.२. उपयोगिता ५७

५.२.१. नितिगत तह ५७

५.२.२. कार्यान्वयन तह ५८

५.३. सुझाव ५९

५.३.१. आगामी अनुसन्धानका लागि शीर्षक ५९

सन्दर्भसामग्री ६९

वैयक्तिक विवरण ६१

## तालिका सूची


| तालिका सङ्ख्या | शीर्षक | पृष्ठसङ्ख्या |
| --- | --- | --- |
| १ | अनारको बोट कथामा प्रयुक्त तत्सम शब्दहरू | २४ |
| २ | निद्रा कथामा प्रयुक्त तत्सम शब्दहरू | ३२ |
| ३ | डाक्टर अङ्कल कथामा प्रयुक्त तत्सम शब्दहरू | ४० |
| ४ | बन्धनबाट मुक्ति कथामा प्रयुक्त तत्सम शब्दहरू | ४६ |

## अध्याय एक : शोध परिचय

### १. पृष्ठभूमि

भाषा शब्दको निर्माण संस्कृतको भाष् धातुबाट भएको हो । भाष धातुको अर्थ 'बोल्नु' वा 'भन्नु' भन्ने हुन्छ । भाषा विचार विनिमयको माध्यम हो । साङ्केतिक विचारविनिमयका माध्यमहरू र पशुपंक्षीहरुले प्रयोग गर्ने ध्वनि वा आवाजलाई भाषा वैज्ञानिक सन्दर्भमा भाषा भनिदैन, खास गरी स्वर र व्यञ्जन जस्ता ध्वनीहरु स्पष्ट छुट्याउन सकिने गरी मानिसको उच्चारण अवयवद्वारा उच्चारित आवाजलाई भाषा भनिन्छ । यसरी व्यापक अर्थमा केही कुरा व्यक्त गर्ने सङ्केतलाई भाषा भनिएता पनि भाषावैज्ञानिक सन्दर्भमा मानवीय उच्चारण अवयवद्वारा उच्चारित ध्वनि प्रतीकहरूलाई भाषा भन्ने गरिएको छ । (न्यौपाने र भण्डारी २०६०:१)।

एक वा एक भन्दा बढी अक्षरहरू मिली शब्द बन्दछ । स्वतन्त्र रूपमा प्रयोग हुन सक्ने अर्थपूर्ण एकाइ शब्द हो । जस्तै खुट्टा, कापी, समाज, जाती, धर्म आदिलाई स्वतन्त्र रूपमा प्रयोग गर्न सकिन्छ र अर्थ पनि पूर्ण छ त्यसैले यी सबै शब्द हुन् । भाषा मानिसका लागि नभै नहुने अपरिहार्य साधन हो । भाषा हुनका लागि नै शब्दको आवश्यकता पर्दछ । एक वा एक भन्दा बढी अक्षर मिली बनेको र स्वतन्त्र रूपमा प्रयोग हुन सक्ने अर्थयुक्त भाषिक एकाइलाई शब्द भनिन्छ । यो रूप भन्दा ठूलो र पदावली भन्दा सानो अर्थपूर्ण भाषिक एकाइ शब्द हो (न्यौपाने २०६३:३) । नेपाली भाषा भारोपेली भाषा परिवार अन्तर्गत पर्दछ त्यसैले यसको शब्दभण्डारमा अन्य भाषाहरू पनि मिसिएर प्रयोग भएको पाइन्छ । नेपाली भाषा संस्कृतबाट प्राकृत हुदै र कतिपय शब्दहरू अपभ्रंश भएर विकसित भएको हो । त्यही कारणले गर्दा नेपाली भाषामा संस्कृत भाषाको प्रयोग बढी भएको पाइन्छ । नेपाली भाषामा देशभित्र र देश बाहिर बोलीने विभिन्न भाषाहरूको पनि प्रयोग गरिन्छ तर यस शोधमा संस्कृत (तत्सम) स्रोतबाट आएका शब्दहरूको अध्ययन गरिएको छ।

कुनै पनि भाषामा शब्दभण्डार रहेको हुन्छ ती शब्दभण्डारमा विभिन्न स्रोतबाट शब्दहरू आएका हुन्छन् । स्रोतका आधारमा : नेपाली मौलिक र आगन्तुक शब्द दुई वर्गमा भेट्टाउन सकिन्छ । मौलिक भित्र तत्सम र तत्भव शब्द पर्दछन् भने आगन्तुकमा देश र विदेशबाट आएका शब्दहरू पर्दछन् । यहाँ मौलिक शब्दमा पनि तत्सम शब्दको अध्ययन गर्ने काम गरिएको छ । तत्सम शब्दहरूलाई वर्ग , बनोट, आवृत्ति ,अर्थ र पृष्ठ सङ्ख्या खुलाउने काम यस शोधमा गरिएको छ ।

यस शोधकार्यबाट कक्षा नौको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू के कति प्रयोग भएको छ भन्ने कुरा जान्नुका साथै अरूलाई जानकारी गराउन सहज हुनेछ । तत्सम शब्दलाई पनि वर्ग , बनोट, आवृत्ति, अर्थ र पृष्ठ खुलाउने काम गरिनु पनि एक महत्वपूर्ण कार्य रहेको छ ।

यस अध्ययनको शीर्षक कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन रहेको छ र शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह दोस्रो वर्षको कोड नं (५९८) को ५० पूर्णाङ्कको परिपूर्तिको प्रयोजनार्थ यो अध्ययन गरिएको छ । यस शोधकार्यको उद्देश्य कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथाविधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन गर्नु रहेको छ ।

## १.२. समस्या कथन

प्रस्तुत शोधकार्य निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

(क) कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा के कस्ता तत्सम शब्दहरू रहेका छन् ?

(ख) शब्दवर्गका आधारमा तत्सम शब्दहरू के कस्ता रहेका छन् ?

(ग) कथाका तत्सम शब्दहरूको बनोट प्रक्रिया कस्तो छ ?

घ) कथाका तत्सम शब्दहरूको आवृत्तिको अवस्था कस्तो छ ?

## १.३. अध्ययनको उद्देश्यहरू

प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेको छ :

(क) कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको पहिचान गर्नु ,

(ख) कथाका तत्सम शब्दहरूको शब्दवर्ग पत्ता लगाउनु ,

(ग) कथाका तत्सम शब्दहरूको बनोट प्रक्रिया पत्ता लगाउनु ,

(घ) कथाका तत्सम शब्दहरूको आवृत्तिको अवस्था पत्ता लगाउनु ,

## १.४. अध्ययनको औचित्य तथा महत्व

नेपाली भाषाको मूल स्रोत नै संस्कृत भाषा हो । संस्कृत भाषाबाट थुप्रै शब्दहरू नेपाली भाषामा आएर नै नेपाली भाषा पूर्ण भएको छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको खोजी गर्नु र यस विधामा विद्यार्थीहरूको उमेर, स्तर, रूचि र क्षमतालाई ध्यान दिएर शब्दहरू प्रयोग गरिएको छ छैन भन्ने कुराको पनि अध्ययन गरिने हुँदा यो शोधपत्र औचित्यपूर्ण रहेको छ ।

भाषा विचार विनिमयको सशक्त एवम् महत्वपूर्ण र प्रभावकारी माध्यम भएको र भाषाको संरचना शब्दहरूको आडमा मात्र सम्भव हुने भएकाले तत्सम शब्दहरूको महत्व रहेको प्रमाणित हुन्छ र यस तत्सम शब्दको अध्ययनबाट पाठ्यक्रमविद्लाई पाठ्यकम निर्माण एवम परिमार्जन गर्न, पाठ्यपुस्तक लेखकलाई लेखन कार्यमा प्रभावकारी बनाउन विधा अनुरूपको शब्दहरूको

छनौट गर्न, विद्यार्थीहरूको स्तर तथा क्षमता अनुरूप शिक्षण सिकाई क्रियाकलापमा मद्दत गर्न शिक्षकद्वारा विद्यार्थीहरूलाई शिक्षण गराउन सजिलो हुनुका साथै विद्यार्थीहरूमा पनि शब्द प्रयोग गर्ने क्षमताको विकासको साथै उपयुक्त क्षमता बुझि शिक्षण गर्न सहयोग पुग्दछ । त्यसैले यस अध्ययनको औचित्य अझ बढ्ने देखिन्छ ।

भाषामा शब्दहरू सबै ठाउँमा सबै शब्दहरू समान रूपमा प्रयोग भएको हुँदैन त्यसैले शब्दहरूको छनौट र स्तरण गर्दा सतर्कता र सचेतता अपनाई शब्दहरू छनौट गर्नुपर्दछ । कथा विधामा प्रयोग भएका तत्सम शब्दहरूको अध्ययनबाट तत्सम शब्दहरू पहिल्याउन, तत्सम शब्दहरूको वर्ग, बनोट, आवृत्ति र अर्थहरू पहिल्याउन सक्नुले नै यस शोध कार्यको औचित्य र महत्व रहेको छ ।

## १.५. अध्ययनको परिसीमा

अध्ययन गरिने शोधपत्र नेपाल सरकार शिक्षा मन्त्रालयबाट स्वीकृत प्राप्त भएको कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दसँग सम्बन्धित रहेको छ । यस अध्ययनको परिसीमा यसरी प्रस्तुत गरिएको छ ।

- यो शोधपत्र कक्षा नौको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययनमा मात्र सीमित रहेको छ ।
- तत्सम शब्दमा नदोहोरिएका शब्दहरूलाई मात्र अध्ययन गरिएको छ ।
- कथा विधाको पाठ बाहेक अभ्यास खण्डलाई यस अध्ययनमा समावेश गरिएको छैन ।
- वर्ग, बनोट वा व्युत्पति अर्थ र आवृत्तिको अवस्थामा सीमित रहेको छ ।

## १.६. पारिभाषिक शब्द

कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययनको क्रममा त्यस कथामा रहेका केही पारिभाषिक शब्दहरू यस प्रकार रहेका छन् ।

१. तत्सम शब्द : रूप नफेरी संस्कृतबाट जस्ताकोतस्तै नेपालीभाषामा प्रयोगहुन आएका शब्दलाई तत्सम शब्द भनिन्छ । यस सन्दर्भमा (तत्) शब्दको अर्थ त्यसबाट अर्थात् संस्कृतका र सम शब्दको अर्थ समान हो ।

२. तत्भव शब्द : संस्कृतबाट सोझै नआई प्राकृत र अपभ्रंशको स्रोतबाट रूप फेरिएर नेपालीमा आएका शब्दलाई तत्भव शब्द भनिन्छ । यस सन्दर्भमा तत् शब्दको अर्थ त्यसबाट अर्थात संस्कृतवाट र भव शब्दको अर्थ उत्पन्न वा विकसित हो । ( शर्मा) २०५७, पृ.५६)

३. आगन्तुक शब्द : संस्कृत भाषाबाट भन्दा बाहेक वा संस्कृतइतर अन्य भाषाबाट आएका शब्द आगन्तुक शब्द हुन् ।

४. व्युत्पत्ति शब्द :कुनै शब्दको प्रकृति, प्रत्यय र त्यसको मूल रूपको निर्माण गर्ने क्रियालाई व्युत्पत्ति भनिन्छ ।

**१.७. अध्ययनको रूपरेखा :**

कुनै पनि कुरालाई वास्तविक रूप दिएर प्रभावकारी बनाउन विभिन्न किसिमका विधि, तौरतरिकाहरू तथा रूपरेखाको आवश्यकता पर्दछ । अध्ययन विधि शोधकार्यको अभिन्न अङ्ग हो ।उद्‌देश्य प्राप्ति अध्ययन विधिको उपयुक्तता, व्यवस्थिततामा भर पर्ने हुनाले यो महत्वपूर्ण हुन्छ ।प्रस्तुत शोधकार्यमा अध्ययनको रूपरेखा निम्नानुसारको रहेको छ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययनको विधि र प्रक्रिया

अध्याय चार : व्याख्या र विश्लेषण

अध्याय पाँच : निष्कर्ष, उपयोगिता र सुझाव

सन्दर्भकृति सूची

वैयक्तिक विवरण

# अध्याय दुई :पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१. पूर्वकार्यको समीक्षा

तत्सम शब्दका विषयमा विभिन्न अध्ययनहरू भएका छन ।

कार्की (२०७०) द्वारा **कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निवन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** गरेका छन् । उक्त अध्ययनका समस्याहरूमा कक्षा दशको नेपाली पाठ्यपुस्तकको कथा र निवन्ध विधामा के कस्ता तत्सम शब्दहरू रहेका छन् र कक्षा दश को नेपाली पाठ्यपुस्तकको कथा र निवन्ध विधाका तत्सम शब्दहरू कुन कुन वर्ग र बनोट अन्तर्गत पर्दछन् भन्ने कुरा समस्याको रूपमा उल्लेख गरिएको छ भने यस अध्ययनको उद्देश्य कक्षा दशको नेपाली पाठ्यपुस्तकको कथा र निवन्ध विधामा रहेका तत्सम शब्दहरूको वर्ग पहिचान गरिएको, कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा र निवन्ध विधामा रहेका तत्सम शब्दहरूको प्रयोग सान्दर्भिकता केलाउनु रहेको र उक्त तत्सम शब्दहरूको अध्ययनका आधारमा आवश्यक सुझावहरू प्रस्तुत गर्नु रहेको देखिन्छ । उक्त अनुसन्धानमा पुस्तकालय विधि, पाठ्यपुस्तक विधि, छलफल विधि, विश्लेषणका साथै निर्देशन विधिको प्रयोग गरिएको छ ।

उक्त अध्ययनमा शब्दको परिचय र शब्दको वर्गीकरणका आधारलाई प्रष्ट पारिएको छ ,शब्दलाई स्रोतका आधारमा मौलिक र आगन्तुक, बनोटका आधारमा मूल र व्युत्पन्न र कार्यका आधारमा विकारी र अविकारी भनी वर्गीकरण गरिएको छ । तत्सम शब्दको अर्थ र तात्पर्यलाई स्पष्ट पारिएको छ । तत्सम शब्दलाई नाम विशेषण, क्रिया विशेषण आदिका आधारमा छुट्याईएको छ । तत्सम शब्दलाई शब्द वर्ग ,व्युत्पति अर्थ, पाठ, पृष्ठसङ्ख्या जस्ता कुराहरूलाई उल्लेख गरिएको छ , प्रत्येक कथा र निवन्ध विधामा रहेका तत्सम शब्दहरूलाई बनोट र कार्यका आधारमा छुटयाई शब्द सङ्ख्या उल्लेख गरिएको छ । कक्षा दशको पाठ्यक्रमलाई स्वरूप, उद्धेश्य विधा र पाठ्यपुस्तकहरूको भिन्नताका आधारमा प्रष्ट पारिएको छ । कक्षा दशको अनिवार्य नेपाली विषयमा रहेका तीनवटा कथा र तीनवटा निवन्धमा तत्सम शब्दहरू बढी प्रयोग भएको निष्कर्ष प्रस्तुत भएको छ (कार्की २०७० : ६६) ।

नेम्वाङ्ग (२०७१) द्वारा **कक्षा दशको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** गरेको पाइन्छ । उक्त अनुसन्धानका समस्याहरू कथाको सैद्धान्तिक स्वरूप के कस्तो रहेको छ, स्रोतका दृष्टिले शब्दहरूलाई के कसरी वर्गीकरण गर्न सकिन्छ र नेपाली पाठ्यपुस्तकको कथा विधामा के कस्ता तत्सम शब्दहरू रहेका छन् भन्ने कुरा रहेको छ । उक्त अध्ययनका उद्धेश्यहरू कथाको सैद्धान्तिक स्वरूपको अध्ययन गर्नु, स्रोतका दृष्टिले शब्दहरूको

वर्गिकरण गर्नु र नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण गर्नु रहेको छ । उक्त अनुसन्धानमा पुस्तकालय विधि, पाठ्यपुस्तक विधि, छलफल विधि, विश्लेषण विधि, शोध निर्देशकको सल्लाह सुझावका साथै निर्देशन विधिको प्रयोग गरिएको पाइन्छ ।

उक्त अध्ययनमा कक्षा दशको नेपाली विषयको पाठ्यपुस्तकको तीनवटै कथामा प्रयोग भएका सम्पूर्ण शब्द सङ्ख्या ६२७२ मध्ये अनावृत शब्द सङ्ख्या १३५७ को उपस्थितिले के देखाउँछ भने सम्पूर्ण सङ्ख्यामा नदोहोरिएका शब्द १९ प्रतिशत भन्दा बढी अर्थात यो सङ्ख्याले सम्पूर्ण शब्दहरूको करिव एक चौथाइ भाग ओगटेको देखिन्छ । औसतमा ४,५ शब्दको  अन्तरमा शब्द दोहोरिएको पाइन्छ यसले गर्दा पढाइमा सहज हुने देखिन्छ । यसरी दोहोरिएर शब्द आउनाले विद्यार्थीहरूमा शब्दभण्डारको दृष्टिले महत्वपूर्ण रहेको पाइन्छ । त्यसैले सम्पूर्ण प्रयुक्त शब्द भण्डारको सङ्ख्यामा अनावृत शब्द सङ्ख्याको वितरण सन्तोषजनक रहेको पाइन्छ । (नेम्वाङ्ग २०७१ : ४३) ।

बस्नेत (२०७१ ) द्वारा **स्नातक तहको अनिवार्य नेपाली विषयको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** गरिएको छ । उक्त अनुसन्धानका समस्या कथन शब्दको वर्गीकरण र तत्सम शब्दको सङ्क्षिप्त परिचय कसरी दिन सकिन्छ, स्नातकतहको अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू के कस्ता रहेका छन्, कथा विधामा उपसर्ग र प्रत्यय शब्दहरू के कस्ता रहेका छन् र कथा विधामा समास र द्वित्व शव्दहरु के कस्ता रहेका छन् भन्ने कुरा उल्लेख गरिएको छ । उक्त अध्ययनका उद्धेश्यहरू तत्सम शब्दहरूको वर्गीकरण र शब्दहरूको सङ्क्षिप्त परिचय दिनु, स्नातकतहको अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण गर्नु, कथा विधामा समास र द्वित्व शब्दहरूको निर्धारण प्रक्रिया पहिचान गर्नु रहेका छन् । उक्त अनुसन्धानमा पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि र विश्लेषण विधिको प्रयोग गरिएको छ ।

उक्त अनुसन्धानमा कथाको सैद्धान्तिक स्वरूप अन्तर्गत कथाको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको छ ,सानो आकार निर्माण गरिएको,जीवन र जगतको कुनै एक पक्षलाई हृदय संवेध आख्यानमा अभिव्यक्त गरिएको रचना नै आधुनिक कथाको विधागत स्वरूप हो भनी कथालाई प्रष्ट पारिएको छ । शब्दको परिचय र शब्दको वर्गीकरणको आधारलाई प्रष्ट पारिएको छ । तत्सम शब्दलाई शब्द, वर्ग र व्युत्पत्ति अर्थ, पाठ र पृष्ठसङ्ख्या जस्ता कुरालाई उल्लेख गरिएको छ । कथा विधाका तत्सम शब्दहरू कुन पाठका हुन् र कति पृष्ठका हुन् भनेर पाठ र पृष्ठ समेत छुटयाएर लेखिएको छ । पाँचवटा कथाहरुमाः एक रात, लङ्का काण्ड, आरूको बोट, पछबरिया टोल र गाउँका गीतहरू गुञ्जदैनन् रहेका छन् , जसमध्ये एक रात कथा र गाउँमा गीतहरू गुञ्जदैनन् कथामा बढी तत्सम शब्दहरू प्रयोग भएको पाइन्छ । स्नातकतह प्रथम वर्षको अनिवार्य नेपाली विषयको पाठयांशभित्र प्रयुक्त कथा विधामा रहेका शब्दहरूको व्युत्पत्ति नहुने मूल शब्दलाई

जस्ताको त्यस्तै राखिएको छ र तत्सम शब्दहरूको वर्ग अन्तर्गत नाम, विशेषण, क्रियायोगी आदिका आधारमा छुट्याइएको निष्कर्ष प्रस्तुत भएको छ (बस्नेत २०७१ :४३) ।

गौतम (२०७२) द्वारा **कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** गरिएको छ । उक्त अनुसन्धानका समस्याहरू कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू के कति प्रयोग भएका छन्, कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको निर्माण प्रक्रिया के कस्तो छ , कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्द शब्द वर्गका आधारमा कस्ता छन् र कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शव्दहरूको सङ्ख्यात्मक अवस्था कस्तो छ भन्ने जस्ता समस्याहरू रहेका छन् । उक्त अनुसन्धानको उद्धेश्यमा कक्षा आठको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू पहिचान गर्नु वा पत्ता लगाउनु, कथाका तत्सम शब्दहरूका बनोट प्रक्रिया पत्ता लगाउनु, कथाहरूमा प्रयुक्त तत्सम शब्हदहरूको आवृत्तिको अवस्था पत्ता लगाउनु, तत्सम शब्दहरूको शब्दवर्ग पत्ता लगाउनु रहेको पाइन्छ । उक्त अनुसन्धानमा पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि, परामर्श विधि तथा विश्लेषण विधिको प्रयोग गरिएको छ ।

उक्त अनुसन्धानले शिक्षकहरूलाई अध्यापनको क्रममा सहज एवम् सरल हुनुका साथै शब्द भण्डारमा समेत वृद्धि गराउँन सक्ने देखिन्छ । कथामा प्रयोग भएका तत्सम शब्दहरूको अध्ययनबाट विद्यार्थीहरूमा शब्दभण्डारको वृद्धि हुनुका साथै वक्तृत्व क्षमता र लेखन सीप तथा भाषिक कौशलतामा समेत सहयोग पुग्ने देखिन्छ । सस्कृत भाषा प्रतिको उदासीनताका कारण ह्रास भइरहेको नेपाली भाषाको स्तर वृद्धिका लागि तत्सम शब्दको प्रयोग तथा अध्ययनले सम्वन्धित सबैमा सहयोग पुग्ने देखिन्छ ,कक्षा ८ का विद्यार्थीहरूको स्तर अनुसार कथामा प्रयुक्त केही तत्सम शब्दहरू क्लिष्ट, दुर्वोध्य देखिन्छ । उदाहरणका लागि युदर्षी, पाराङ्गत, अकिञ्चन, व्रम्हचारी, शौर्य, महत्वकाङ्क्षा, उत्तराधिकारी जस्ता शब्दहरूलाई लिन सकिन्छ यस्ता शब्दहरू उच्चारण गर्न तथा अर्थबोध गर्न समेत बालवालिकाको स्तर अनुसार असहज हुने देखिन्छ । त्यसैले कथाकारले पाठको स्तर अनुसारका तत्सम शब्दहरू कथामा प्रयोग गर्नुपर्ने कुरामा ध्यान पुर्‍याउनु पर्ने निष्कर्ष प्रस्तुत गरिएको छ (गौतम २०७२ :४४) ।

लिम्बू (२०७३ ) द्वारा **एम. एड. प्रथम वर्षको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** गरिएको छ । उक्त अनुसन्धानका समस्याहरू स्नातकोत्तर तह प्रथम वर्षको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू के कस्ता रहेका छन्, कथाहरूका तत्सम शब्दहरूका बनोट कस्ता छन्, कथाका तत्सम शब्दहरूको आवृत्तिको अवस्था कस्तो छ र शब्द वर्गका आधारमा तत्सम शब्दहरू कस्ता छन् भन्ने कुरा रहेका छन् । उक्त अनुसन्धानका उद्धेश्यहरूमा स्नातकोत्तर तह प्रथम वर्षको

कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको पहिचान गर्नु वा पत्ता लगाउनु, कथाहरूका तत्सम शब्दहरूका बनोट प्रक्रिया पत्ता लगाउनु, कथाहरूका तत्सम शब्दहरूको आवृत्तिको अवस्था पत्ता लगाउनु (घ) तत्सम शब्दहरूको पदवर्ग पत्ता लगाउनु रहेको छ । उक्त अनुसन्धानमा पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि, तथा विश्लेषण विधिको प्रयोग गरिएको छ ।

उक्त अनुसन्धानमा सुरूमा भाषा शब्द , शब्द वर्गीकरण, शीर्षक प्रयोजन आदिलाई प्रस्तुत गरिएको छ । संस्कृत भाषाबाट जस्ताको तस्तै रूप नफेरि नेपाली भाषामा प्रयोगमा आएका शब्दलाई तत्सम शब्द भनिएको । शब्दलाई स्रोतका आधारमा मौलिक र आगन्तुक गरी दुई भागमा वर्गीकरण गरिएको र तत्सम शब्द मौलिक शब्द भित्र रहेको, बनोटको आधारमा शब्दलाई मूल र व्युत्पन्न,कार्यका आधारमा विकारी र अविकारी भनी वर्गीकरण गरिएको छ । तत्सम शब्दको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको छ । तत्सम शब्दलाई शब्द वर्ग, व्युत्पत्ति अर्थ, पाठ र पृष्ठसङ्ख्या समेत उल्लेख गर्दै वर्णानुक्रममा राखिएको छ । कुन पाठमा कति शब्दहरू रहेका छन्, त्यसमध्ये कति तत्सम शब्दहरू रहेका छन् , तत्सम शब्दको प्रयोगको प्रतिशाङ्क स्थिति कति रहेको र कुन पाठमा कुन कुन तत्सम शब्द कतिपटक आवृत्ति भएको छ भन्ने कुरा तालिका सहित पुष्ठि गरिएको छ । तत्सम शब्दहरूको वर्ग अन्तर्गत नाम, विशेषण,क्रियायोगी र संयोजक आदिका आधारमा छुटयाईएको छ । तत्सम शब्दहरूको व्युत्पन्न हुने शब्दहरूको व्युत्पति प्रक्रिया देखाइएको र नहुने मूल शब्दलाई जस्ताको त्यस्तै राखिएको छ । शब्द प्रयोगका दृष्टिले सबैभन्दा बढी प्रयोग भएको कथा मैयाँसाहेव, (४०७७) रहेको र सबभन्दा थोरै शब्दहरूको प्रयोग भएको कथा सालगीको बलात्कृत आँशु (१३२२) रहेको छ । तत्सम शब्दका प्रयोगका दृष्टिले सबभन्दा बढि तत्सम शब्दको प्रयोग मैयाँसाहेव (३२१) रहेको र तत्सम शब्दको प्रयोग सबभन्दा न्यून रहेको कथा परालको आगो (२५२) रहेको छ । प्रतिशतका दृष्टिले तत्सम शब्दहरूको प्रयोगलाई हेर्दा सबैभन्दा बढि तत्सम शब्दको प्रयोग भएको कथा बदशालामा बुद्ध (९.७५) रहेको र सबैभन्दा कम तत्सम शब्दहरूको प्रयोग भएको कथा परालको आगो (१.३२) रहेको छ । तत्सम शब्दहरूको प्रयोगले कुनै पाठलाई क्लिष्ट र दुर्बोध्य बनाउने हुनाले ती शब्दहरूको प्रकृति बुझ्न एम.एड. तहमा अध्ययनरत विद्यार्थी र अध्यापनरत शिक्षकहरूलाई यो शोधकार्य उपयुक्त रहेको छ । कुन पाठ कुन स्तरका लागि उपयुक्त छ । एम.एड. तहमा समावेश गरिएका पाठहरूमा यस तहका विद्यार्थीका लागि उपयोगी छन् छैनन् भन्ने कुराको निर्णय गर्नका लागि पाठ्यक्रम निर्माता तथा पाठयपुस्तक लेखकलाई समेत यो शोधकार्य उपयोगी रहेको निष्कर्ष प्रस्तुत भएको छ (लिम्बू २०७३ :७१,७२) ।

खत्री (२०७४) द्वारा **नेपाली पाठ्यपुस्तकमा समाविष्ट निवन्ध विधाका तत्सम शब्दहरूको अध्ययन** गरिएको छ । उक्त अनुसन्धानका समस्याहरू कक्षा १० को नेपाली पाठ्यपुस्तकमा

समाविष्ट निवन्ध विधाका तत्सम शब्दहरू के कस्ता रहेका छन्, निवन्धहरुका तत्सम शब्दहरूको बनोट कस्तो छ, निवन्धका तत्सम शब्दहरूको शब्दवर्ग अवस्था कस्तो छ, निवन्धका तत्सम शब्दहरूको आवृत्तिको अवस्था कस्तो छ र निवन्धका तत्सम शब्दहरू विद्यार्थीको क्षमता र स्तर अनुसार छन् वा छैनन् भन्ने जस्ता समस्याहरू रहेका छन् भने उक्त अनुसन्धानका उद्धेश्यहरू माध्यमिक तह कक्षा दशको नेपाली पाठ्यपुस्तकको निवन्ध विधामा प्रयुक्त निवन्धका तत्सम शब्दहरूको शब्दवर्गको पहिचान गर्नु , माध्यमिक तह कक्षा दशको नेपाली पाठ्यपुस्तकको निवन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको बनोट प्रक्रिया देखाउनु , माध्यमिक तह कक्षा दशको नेपाली पाठ्यपुस्तकको निवन्ध विधामा प्रयुक्त निवन्धका तत्सम शब्दहरूको प्रासङ्गिक अर्थ प्रदान गर्नु , माध्यमिक तह कक्षा दशको नेपाली पाठ्यपुस्तकको निवन्ध विधामा प्रयुक्त निवन्धका तत्सम शब्दहरू विद्यार्थीको क्षमता अनुकुल भए नभएको अध्ययन गर्नु रहेको छ । उक्त अनुसन्धानमा पुस्तकालयीय विधि, शिक्षक सुझाव तथा निर्देशन विधिको प्रयोग गरिएको छ ।

उक्त अनुसन्धानको निश्कर्षमा शोधपत्रको शुरूमा भाषा , शब्द, वर्गीकरण शीर्षक प्रयोजन आदिलाई प्रस्तुत गरिएको छ । शब्दलाई स्रोतका आधारमा वर्गीकरण गरिएको छ । जसमा मौलिक र आगन्तुक गरी दुई भागमा वर्गीकरण गरिएको छ । तत्सम शब्द मौलिक शब्दभित्र रहेको , संस्कृत भाषाबाट जस्ताको त्यस्तै रूप नफेरिइ नेपाली भाषामा आएको शब्दलाई तत्सम शब्द भनिएको र तत्सम शब्दको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको छ । तत्सम शब्दलाई शब्द वर्ग, व्युत्पत्ति अर्थ, पाठ, आवृत्ति र पृष्ठ सङ्ख्या समेत उल्लेख गर्दै पाठानुक्रममा स्थूल, प्रविष्टि गरिएको कुन पाठमा जम्मा कति शब्द रहेको, त्यस मध्ये कति तत्सम शब्द रहेको, तत्सम शब्दको प्रयोग स्थिति कति रहेको भन्ने कुरालाइ तालिका सहित पुष्टि गरिएको छ । कक्षा दशको निवन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको व्युत्पादन हुने शब्दहरूको व्युत्पत्ति प्रक्रिया देखाइएको र नहुने मूल शब्दलाई जस्ताको त्यस्तै राखिएको छ । निर्धारित निवन्धहरू मध्ये प्रतिशतका दृष्टिले सबैभन्दा बढी जयभूँडी निवन्धमा र सबैभन्दा कम हाम्रो सस्कृति निवन्धमा रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । (खत्री २०७४:३८)

बराल (२०७४) द्वारा **वी.एड. प्रथम वर्षको ऐच्छिक नेपाली अन्तर्गत कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** गरिएको छ । उक्त अध्ययनका समस्याहरू वी.एड प्रथम वर्षको ऐच्छिक नेपाली पुस्तकमा रहेका कथा विधामा प्रयुक्त तत्सम शब्दहरू के कस्ता रहेका छन, कथाका तत्सम शब्दहरूको बनोट कस्तो छ, शब्दवर्गको आधारमा तत्सम शब्दहरू कस्ता छन् कथाका तत्सम शब्दहरूको आवृत्तिको अवस्था कस्तो छ भन्ने कुराको उल्लेख गरिएको छ भने उक्त अध्ययनका उद्देश्यहरू वी.एड. प्रथम वर्षको ऐच्छिक नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू पहिचान गर्नु वा पत्ता लगाउनु , कथामा रहेका तत्सम शब्दहरूको बनोट प्रक्रिया

पत्ता लगाउनु , तत्सम शब्दहरूको शब्दवर्ग पत्ता लगाउनु , कथाका तत्सम शब्दको आवृत्तिको अवस्था पत्ता लगाउनु जस्ता उद्धेश्य रहेको र पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि, शिक्षक सुझाव तथा निर्देशन र इन्टरनेटको प्रयोग जस्ता विधिहरूको प्रयोग गरिएको छ ।

यस शोधकार्यको शुरूमा भाषा शब्द, शब्दवर्गीकरण, शीर्षक प्रयोजन आदिलाई प्रस्तुत गरिएको छ । संस्कृत भाषाबाट जस्ताको तस्तै रूप नफेरिइ नेपाली भाषामा प्रयोगमा आएका शब्दलाई तत्सम शब्द भनिएको छ । शब्दलाई स्रोतका आधारमा वर्गीकरण गरिएको छ । शब्दलाई स्रोतका आधारमा मौलिक र आगन्तुक गरी दुई भागमा वर्गीकरण गरिएको र तत्सम शब्द मौलिक शब्द अन्तर्गत रहेको छ । तत्सम शब्दको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको छ । तत्सम शब्दलाई शब्द वर्ग, व्युत्पत्ति, अर्थ , पाठ र पृष्ठ आवृत्ति समेत उल्लेख गरिएको छ । कुन कथामा जम्मा कति शब्द रहेकाछन् । प्रतिशतमा समेत देखाई प्रत्येक कथामा आवृत्ति भएका शब्दलाई तालिका सहित पुष्टि गरिएको छ । तत्सम शब्दको वर्ग अन्तर्गत प्रत्येक तत्सम शब्दको वर्ग छुट्याएर नाम, विशेषण छुट्याईएको छ । तत्सम शब्दमा व्युत्पादन हुने शब्दको व्युत्पत्ति प्रक्रिया देखाईएको र नहुने शब्दलाई मूल शब्दकै रूपमा जस्ताको तस्तै राखिएकाले भाषाको वारेमा गहिरो अध्ययन गरिरहेका विद्यार्थी एवम् प्राध्यापक वर्गलाई समेत उपयोगी रहेको निष्कर्ष निकालिएको छ । ( बराल २०७४: ३९) ।

प्रस्तुत शोधकार्य पूर्व अध्यताहरूबाट तत्सम शब्दहरूको विश्लेषण विषयक्षेत्रमा अध्ययन अनुसन्धान भएपछि कक्षा नौको कथा विधामा प्रयुक्त तत्सम शब्दमा मात्र केन्द्रित भएर आजसम्म कसैले पनि अनुसन्धान कार्य नगरेको पाइएकाले यो अध्ययन नै यस विषयको प्रारम्भिक अध्ययन हुने अपेक्षा गरिएको छ ।

## २.२. पूर्वकार्यको उपयोगिता

माध्यमिक तह कक्षा नौको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन गरिएको छ । हाल सम्म कसैले पनि कक्षा नौको कथा विधामा तत्सम शब्दको अध्ययन अनुसन्धान नभएको हुँदा यस शीर्षकमा अनुसन्धान गर्न आवश्यक रहेको पुष्टि हुन्छ । यस भन्दा अगाडि तत्सम शब्दको क्षेत्रमा धेरै अध्ययन अनुसन्धान भईसकेका छन् ।

यस अध्ययनका लागि प्रदीप कार्की, नारायण बस्नेत, देवीमाया नेम्बाङ्ग, अमृता गौतम र शीला लिम्बु, बराल र खत्रीका शोधपत्रलाई प्रयोग गरिएको छ भने नेपाली बृहत शब्दकोश नेपाल प्रज्ञा प्रतिष्ठान, टिकादत्त बरालको तत्सम नेपाली व्युत्पत्ति शब्दकोश र डीपी भट्टराई र डिल्लीराम ढुङ्गेलको माध्यमिक नेपाली व्याकरण र अभिब्यक्ति आदि पुस्तकको मान्यता तथा गुरुवर्गहरूको अमूल्य सुझाव सल्लाह अनुसार अध्ययन सम्पन्न गरिएको छ ।

माथि सम्पन्न गरिएका शोधकार्यमा कुनैमा शब्दवर्ग, शब्द निर्माण प्रक्रिया अर्थ र पृष्ठसङ्ख्या उल्लेख गरिएका छन् भने कसैले तत्सम शब्दको आवृत्ति स्थिति पनि उल्लेख गरेका छन् तर यस अध्ययनमा कक्षा नौको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन शीर्षक रहेको यस शोधपत्रमा तत्सम शब्दहरूलाई वर्ग, बनोट वा व्युत्पत्ति अर्थ र आवृत्ति खुलाउने काम गरिएको हुनाले यो नितान्त मौलिक शोधपत्र हो । यस शोधकार्यका लागि देवीमाया नेम्वाङ्ग, नारायण बस्नेत, प्रदीप कार्की र शीला लिम्बुको शोधबाट वर्ग बनोट र अर्थ जस्ता विषयका लागि सहयोग भयो भने अमृता गौतमबाट यस शोधकार्यका लागि के कस्ता पाठ्यसामग्री पढ्नु आवश्यक छ भन्ने विषयमा महत्वपूर्ण सहयोग पुगेको छ ।

यस शोधकार्यले कक्षा नौ मा अध्ययनरत विद्यार्थी, अध्यापनरत शिक्षक र पुनः अनुसन्धानकर्तालाई प्रत्यक्ष रूपमा सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ ।

## २.३. सैद्धान्तिक संरचना

अनुसन्धान कार्य गर्दा जहिले पनि आफूभन्दा अगाडिका अनुसन्धानकर्ताहरूले के कसरी कुन पक्षलाई आत्मसात गरेका छन् भन्ने कुराको सूक्ष्म रूपमा अध्ययन गर्नु आवश्यक छ । त्यही अनुरूपमा यस अनुसन्धान तयार गर्न यस पूर्वका अनुसन्धानहरूलाई सूक्ष्म रूपमा अध्ययन गर्नुका साथै त्यसका नियमलाई आत्मसात गरी अध्ययन गरिएको छ । यो शोधपत्र तयार गर्ने क्रममा नेपाली बृहत शब्दकोश नेपाल प्रज्ञा प्रतिष्ठान टिकादत्त बरालको तत्सम नेपाली व्युत्पत्ति शब्दकोष र डी पी भट्टराई र डिल्लीराम ढुङ्गेलको माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति पुस्तकको सहयोग लिइएको छ ।

### २.३.१. शब्दको वर्गीकरण :

### २.३.१.१. स्रोतका आधारमा शब्दको वर्गीकरण :

नेपाली भाषा भारोपेली परिवारको सतम वर्गको आर्य– इरानेली शाखाको संस्कृत भाषाबाट विकसित शब्द हो, त्यसैले यसको शब्दभण्डारमा संस्कृत स्रोतका शब्द बढी पाइन्छ । स्रोत भनेको शब्द ग्रहण गर्ने ठाउँ हो । (अधिकारी : २०६८) । भाषिक विस्तार र वैज्ञानिक उन्नतिसँगै नेपाली भाषाले पनि विभिन्न स्रोतबाट शब्द ग्रहण गरेको छ । स्रोतका दृष्टिले शब्द दुई प्रकारका छन् : मौलिक शब्द र आगन्तुक शब्द ।

**क) मौलिक शब्द :** कुनै भाषाको आफ्नै स्रोतको शब्दलाई मौलिक शब्द भनिन्छ । नेपाली भाषामा संस्कृत स्रोतबाट आएका शब्दलाई मौलिक वर्गमा राखिन्छ र मौलिक नेपाली शब्द भनिन्छ ।

संस्कृत स्रोतवाट नेपालीमा आएका मौलिक शब्दलाई तत्सम र तत्भव गरी दुई प्रकारमा विभाजन गरिन्छ ।

अ) **तत्सम शब्द** : रूप नफेरिई संस्कृत बाट सोझै नेपालीमा आएका शब्दलाई तत्सम शब्द भनिन्छ । यस सन्दर्भमा 'तत्' शब्दको अर्थ त्यसका अर्थात संस्कृतका र सम शब्दको अर्थ समान हो

आ) **तद्भव शब्द** : संस्कृतबाट सोझै नआई प्राकृत र अपभ्रंशको स्रोतबाट रूप फेरिएर नेपालीमा आएका शब्दलाई तद्भव शब्द भनिन्छ । यस सन्दर्भमा तत् शब्दको अर्थ त्यसबाट अर्थात् संस्कृतबाट र भव शब्दको अर्थ उत्पन्न वा विकसित हो । (शर्मा, २०५७: ५६)

**ख) आगन्तुक शब्द** : संस्कृत भाषाबाहेक वा संस्कृतइतर अन्य भाषाबाट आएका शब्द आगन्तुक शब्द हुन् । आगन्तुक शब्द पनि दुई किसिमका हुन्छन् : देशज र विदेशज ।

अ) **देशज :**

देशभित्रकै विभिन्न भाषाबाट आएका तथा भाषिकाहरूबाट आएका नेपाली शब्दलाई देशज आगन्तुक शब्द भनिन्छ । जस्तै : क्वाँटी, डम्फू, घेवा, रूपी, डाङ्ग्रे आदि ।

आ) **विदेशज :**

नेपालमा बोलिने भाषाइतर अन्य विदेशी भाषाबाट आगमन भएका शब्दहरू विदेशज आगन्तुक शब्द अन्तर्गत पर्दछन् । जस्तै : जेल, कफन, कमरा आदि ।

### ३.२.१.२. कार्यका आधारमा शब्दको वर्गीकरण :

कार्य भनेको व्याकरणात्मक कार्य हो । (शर्मा: २०५७, ५८)

वाक्यमा शब्दले गर्ने कामको आधारमा शब्द वर्गीकरण गर्नुलाई नै कार्यको आधारमा शब्दवर्गीकरण भनिन्छ । यस आधारमा शब्दलाई व्याकरणविद्हरूले विभिन्न प्रकारका विभाजन गरेका छन् ।


शब्दहरूको कार्यलाई विचार गर्दा स्थूल रूपमा यिनलाई तिन समूहमा राखेर हेर्न सकिन्छ ।

शब्द
- → नामवर्ग
- → क्रियावर्ग
- → अव्ययवर्ग

नामस्थानिक (नामको स्थान लिन सक्ने) वा नामसँग सम्बद्ध भई काम गर्ने हुँदा नामवर्गभित्र नाम, सर्वनाम र विशेषण, क्रियावर्गभित्र क्रियाको काम गर्ने यसकै विभिन्न भेदहरू र अव्ययवर्गभित्र क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादीबोधक र निपात पर्छन् । (अधिकारी : २०४९, १४)

कार्य भनेको व्याकरणात्मक कार्य हो । शब्दको प्रतिफलन वाक्यमा हुन्छ । तसर्थ यसले वाक्यमा आफ्नो कार्य गर्छ । वाक्यमा विभिन्न वाक्यतत्वका रूपमा प्रयुक्त भई क्रियाशील हुँदा शब्दको प्रतिफल हुन्छ र यही प्रतिफलात्मक (कार्यात्मक) आधारमा वर्गवर्गमा छुट्टाई शब्दको व्याकरणात्मक वर्गीकरण गरिन्छ ।

वाक्यमा प्रयुक्त हुँदा रूप परिवर्तन हुने र नहुने आधारमा पनि शब्दको वर्गीकरण गरिन्छ । यस आधारमा शब्द दुई प्रकारका हुन्छन्, एक विकारी (परिवर्तनशिल) र दुई अव्यय (अपरिवर्तनशिल)।




(शर्मा : २०५७, ५८)

यहाँ कार्यका आधारमा शब्द वर्गीकरण गर्दा यसैको आधारमा गरेर देखाइन्छ वा विकारी र अविकारीका आधारमा शब्दवर्गीकरण गरेर देखाईन्छ ।

**क) विकारी :** वाक्यमा लिङ्ग , वचन, पुरुष, काल, पक्ष आदिको आधारमा रूप परिवर्तन हुने शब्दहरूलाई विकारी शब्द भनिन्छ । यस अन्तर्गत नाम, सर्वनाम, विशेषण र क्रिया पर्दछन् । ( भट्टराई , २०६६: १०)

**अ) नाम :** कुनै वस्तु वा पदार्थ तथा यिनीहरूमा हुने गुण वा भाव बुझाउने शब्दलाई नाम भनिन्छ । नाम शब्द ‘ को’ , ‘ के’ भन्ने प्रश्नको उत्तरका रूपमा आउँछ । परम्परागत आधारमा नामलाई पाँच भागमा विभाजन गरिएको छ । (बराल र एटम, २०६६:१०)

- व्यक्तिवाचक नाम : कुनै व्यक्ति वस्तु वा ठाउँ विशेष आदिलाई किटान गरि प्रयोग गरिने शब्दलाई व्यक्तिवाचक नाम भनिन्छ (काफ्ले र काफ्ले, २०६७ : २१)। जस्तै : सीता, राम, सगरमाथा, नेपाल, कोशी, मेची आदि ।
- जतिवाचक नाम : व्यक्ति, वस्तु, स्थान आदिको सामान्य लक्षण वा जाति दर्साउने नाम जातिवाचक मानिन्छ । जस्तै : मानिस, गाई, कुकुर, फूल आदि।
- द्रव्यवाचक : पदार्थ बुझाउने तथा परिमेय (परिणाम आँक्न सकिने) हुन सक्ने नाम द्रव्यवाचक मानिन्छ । जस्तै : सुन, चाँदी, हावा, मसी आदि ।
- समुदायवाचक : समूह बुझाउने नामहरूलाई समुदायवाचक भनिन्छ । जस्तै : बथान, सेना, भीड, झुप्पो आदि ।
- भाववाचक : मानसिक अनुभूति, धारणा तथा व्यक्ति वा वस्तुको गुण , कार्य, अवस्था जनाउनेलाई भाववाचक भनिन्छ । जस्तै : दया, मुर्ख्याइँ, पढाइ आदि ।

आ) **सर्वनाम :** नाम,नामपद, समूह तथा वाक्यको सट्टामा प्रयोग गरिने शब्दलाई सर्वनाम भनिन्छ । म, तँ, उ, त्यो, यो, तपाइँ, उहाँ, जो, को , आफू आदि सर्वनाम हुन् । सर्वनामको प्रयोग निम्नानुसार हुन्छ ।

- नामको सट्टामा : रामले राम्ररी पढयो । ऊ राम्रो श्रेणीमा उत्तीर्ण भयो ।
- नाम पद समूह : उसले राम्रा पुस्तकहरू किन्यो र ती निकै उपयोगी छन् ।
- बाक्यको सट्टा : परिश्रमी राम परीक्षामा उत्तीर्ण भयो ।

  यो राम्रो कुरा हो (बराल र एटम, २०६६:१५) ।

सर्वनामको प्रयोग निम्नानुसार गर्न सकिन्छ (बराल र एटम, २०६६:३४)

व्यक्तिवाचक →
- प्रथम पुरुषवाचक (म, हामी)
- द्वितीय पुरुषवाचक (तँ,तिमी, तपाइँ, हजुर)
- तृतीय पुरुषवाचक (ऊ, ती, त्यो, तिनी )

दर्शकवाचक →
- समीपवाचक (यो, यी, यिनी)
- दुरवाचक (त्यो, ती, ऊ,तिनी)

सम्बन्धवाचक →
- निश्चयवाचक (जो, जे, जुन)
- अनिश्चयवाचक (जोसुकै, जेसुकै, जुनसुकै)

**विशेषण :**

विशेषण भनेको नामिक शब्दवर्गको एउटा सदस्य हो । कुन, कत्रो, कस्तो, कति आदि प्रश्नको जवाफमा आउने शब्द नै विशेषण हो । विशेषण नामको गुण , दोष (विशेषता) जनाउने शब्द हो । यसले नामको गुण, अवस्था, व्यापार, सङ्ख्या, मात्रा जस्ताको वर्णन गर्छ । (शर्मा, २०५७ :६७) ।

विशेषणले नाम वा नामिक पदको वर्णन गर्छ अथवा नामको अर्थलाई स्पष्ट पार्ने, विस्तार गर्ने, सीमित गर्ने वा विशिष्ट बनाउने काम गर्छ । (अधिकारी, २०४९: २९)

नामको गुण, दोष, सङ्ख्या आदि विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ । नामसँग गरिने 'कुन', 'कस्तो', 'कति', 'कत्रो' आदि प्रश्नका उत्तरमा विशेषण आउँछ (बराल र एटम, २०६६: १९) । जस्तैः सानो , अग्लो , बाठी, पीरो, थोरै, जेठो, ठुलो आदि ।

**विशेषणका प्रकारहरू :**

विशेषणलाई चार भागमा बाँडेर हेर्न सकिन्छ ।

**क) गुणवाचक विशेषण :** नामको गुण, दोष आदि बुझाउने शब्दलाई गुणवाचक विशेषण भनिन्छ । यसले निम्नलिखित कुराहरूलाई बुझाउने गर्दछ । रंग, स्वाद, स्वभाव, छाँट, बानि, अवस्था, समय, आकार, स्थान, वस्तु, जाति (बराल र एटम, २०६६: २०) ।

**ख) सङ्ख्यावाचक विशेषण :** नाम र सर्वनामको सङ्ख्या, क्रम तथा आवृत्ति आदिलाई बुझाउने विशेषणलाई सङ्ख्यावाचक विशेषण भनिन्छ । नामको निश्चित वा अनिश्चित सङ्ख्या, क्रम तथा आवृत्ति बुझाउने विशेषणलाई सङ्ख्यावाचक विशेषण भनिन्छ (बराल र एटम, २०६६: २०) ।

**ग) परिणामवाचक विशेषण :** सङ्ख्या नबुझाई कुनै वस्तुको यति, उति भन्ने परिमाण वा मात्रा बुझाउने विशेषणलाई परिणामवाचक विशेषण भनिन्छ । जस्तै धेरै, थोरै, अलिकति, यति, उति, प्रसस्त आदि (बराल र एटम, २०६६ : २०) ।

**घ) सार्वनामिक विशेषण :** विशेषणका रूपमा प्रयोग हुने सर्वनामलाई सार्वनामिक विशेषण भनिन्छ । जसमा : यो, त्यो, यी, जो, जुन, जस्तो, को,कुन, के आदि ।

**क्रियापद :**

वाक्यमा कर्ताले गरेको काम, घटेको घटना अथवा स्थिति बुझाउने शब्दलाई क्रियापद भनिन्छ । क्रियापदले वाक्यमा विधेयको काम गर्दछ र वाक्यलाई टुङ्याउँछ । जस्तै रामले भात खायो, राम लड्यो आदि वाक्यमा प्रयोग भएका शब्दहरू खायो, लड्यो आदि शब्दले कर्ताले गरेको काम, घटेको घटना आदिलाई बुझाउँछ (बराल र एटम, २०६६:२४)।

वाक्यमा वाच्य, भाव, काल र पक्ष जनाउने प्रत्ययहरू जुन पदमा गाँसिन्छन् त्यो पद नै क्रिया वा आख्यात हो । नेपाली वाक्यमा क्रियापद प्रायः अन्त्यमा आउँछ (पोखरेल, २०५६: १२७) ।

क्रियालाई विभिन्न आधारमा छुट्याइन्छ । नेपाली क्रियाहरूलाई विभिन्न आधारमा छुट्याइएका छन् । जसमा :

- समापकताको आधारमा
  - समापिका (गयो, जान्छ आदि )
  - असमापिका (जानु, जाने, गई आदि )
- अर्थप्रधान्यको आधार
  - सहायक
  - मुख्य
- संरचनाको आधार
  - सरल
  - जटिल
- कर्मकताको आधार
  - अकर्मक
  - सकर्मक
  - द्विकर्मक
- पूर्णताको आधार
  - पूर्ण
  - अपूर्ण
  - पुरकापेक्षी

(शर्मा, २०५७ : ७२)

**ख) अविकारी :**रूप परिवर्तन नहुने शब्दलाई अव्य भनिन्छ । वाक्यमा प्रयोग हुँदा लिङ्ग, वचन,पुरुष आदिका आधारमा अव्यको रूपायन हुदैन त्यसैले यसलाई विकारी उत्पन्न नहुने वा अविकारी पनि भनिन्छ । नाम, सर्वनाम, विशेषण, क्रियापद बाहेकमा सबै शब्दहरू अव्यय हुन् । क्रियाविशेषण क्रियायोगी , नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात गरि अव्यय शब्दका पाँच प्रकार छन् (बराल र एटम, २०६६:२७)

क्रियायोगी : धेरै राम्ररी फ्याट्ट, प्याट्ट

नामयोगी : मुनि, पट्टि, बमोजिम

संयोजक : र तथा जव तव

विस्मयादिबोधक : आहा, ओहो, आम्मै, ऐया

निपात : त, नि, पो, ल

**क्रियाविशेषण :** क्रियाको विशेषता बुझाउने, वा तिनको अर्थमा केहि थप्ने शब्दलाई क्रियाविशेषण भनिन्छ । किन, कहिले, कहाँ, कसरी, के गरी र कति प्रश्नको उत्तर आउने शब्दलाई क्रियायोगी वा क्रियाविशेषण भनिन्छ । क्रियाविशेषणलाई निम्नप्रकार विभाजन गर्न सकिन्छ :

समयवाचक : हिजो, आज, भर्खर, सबेरै, बिहान आदि ।

स्थानवाचक : भित्र, बाहिर आदि ।

परिमाणवाचक : यति, थोरै, धेरै, निकै, अलिकति आदि ।

रीतिवाचक : राम्ररी, सुटुक्क आदि ।

परिस्थितीवाचक : गरेकोमा, जानुपर्नेमा आदि ।

आवृत्तिवाचक : एकपल्ट, दुईचोटी आदि ।

कारणवाचक : पढनाले, आएकाले, गर्नाले आदि ।

क्रियान्तरवाचक : हेरी, सुनी, खाई आदि ।

**नामयोगी :** नामयोगी सम्बन्धवाचक अव्यय हो । नामिक शब्द वा पद समूहका पछाडि जोडिएर अन्य नाम, क्रिया आदिसँग सम्त्रन्ध गराउने शब्दलाई नामयोगी भनिन्छ । नामयोगीले समय, स्थान, रीति, हेतु, अवधि, दिशा, अभाव आदि अर्थको अभिव्यक्ति पनि गर्दछ । नेपालीमा नामयोगीहरू परस्थानीक भएर आउँछन् र नामिक शब्द पद समूह पछाडि गाँसिन्छन् (शर्मा, २०५७ : ८७) ।

अर्थका आधारमा नामयोगीलाई निम्न प्रकारमा विभाजन गर्न सकिन्छ ।

क) समयवाचक : खेर, अघि, पछि आदि ।

ख) स्थानवाचक : पर, वर, माथि, मुनि, उपर आदि ।

ग) रीतिवाचक : समान, अनुसार, झै, जस्तै आदि ।

घ) हेतुवाचक : निमित्त, निम्ति, लागि आदि ।

ङ) अवधिवाचक : पर्यन्त, सम्म, केवल, मात्र आदि ।

च) दिशावाचक : तर्फ, तिर, सामुन्ने आदि ।

छ) सहार्थवाचक : सँग, सित, समेत, सधैं आदि ।

ज) बिनिमयवाचक : बापत्, सट्टा, ठाउँमा आदि ।

झ) अभाववाचक : बाहेक, विना, बेगर आदि ।

ञ) परिमाणवाचक : भरि, भर, जति आदि ।

(शर्मा, २०५७ : ९९)

**संयोजक :**

संयोजक बद्ध शब्दवर्गभित्र पर्दछन् । यिनले शब्द, पदावली वा उपवाक्यहरू जोड्ने काम गर्दछन् (अधिकारी, २०४९ :४९) ।

संयोजकले वाक्यका एकभन्दा बढी व्याकरणात्मक एकाइहरूलाई जोडेर समुच्चय गर्ने भएकाले यसलाई योजक पनि भनिन्छ ।

संयोजकलाई मुख्यतः निम्नलिखित दुई प्रकारका हुन्छन् :

अ) **निरपेक्ष संयोजक :** समान एकाइहरूलाई जोड्ने संयोजकलाई निरपेक्ष संयोजक भनिन्छ । जस्तै

क) समुच्यवाचक : र, तथा, पनि, अनि आदि ।

ख) विकल्पवाचक : या, वा, अथवा आदि ।

ग) विराधवाचक : किन्तु, तर, परन्तु आदि ।

घ) परिणामवाचक : यसर्थ, तसर्थ, किनभने आदि ।

आ) **सापेक्ष संयोजक :** असमान एकाइहरूलाई जोड्ने संयोजक सापेक्ष संयोजक हुन् । जस्तैः

क) समानाधिकरणवाचक : भन्ने, भनी, के आदि ।

ख) कारणात्मक : किनकि, किनभने, भनेदेखि आदि ।

ग) सङ्केतवाचक : यदि, भने आदि ।

निरपेक्ष योजकले स्वतन्त्र र स्वतन्त्र उपवाक्य जोड्छ भने सापेक्ष योजकले प्रधान उपवाक्य र आश्रित उपवाक्यलाई जोड्छ (शर्मा, २०५७ : ८९) ।

**विस्मयवाचक :**

विस्मयवाचकहरू मनका विकार वा भाव जनाउने शब्द हुन् । मनका आकस्मिक भाव, दशा वा वृत्ति बुझाउने शब्दलाई विस्मयवाचक भनिन्छ । विस्मयवाचकहरू सन्दभार्थ नभएका शब्द हुन् । सन्दभार्थको अभावका कारण यिनले कुनै व्यक्ति, वस्तु वा तिनको विशेषता बुझाउँदैनन् । यिनका सङ्केतितको भौतिक जगत्मा कुनै वास्तविक सत्ता हुँदैन् । त्यसैले विस्मयवाचकले बाह्रय सत्तव वा तत्वलाई होइन आन्तरिक मनोभावलाई जनाउँछ ।

“केही शब्दहरू प्रायः वाक्यका अगाडि पृथक रूपमा आइ त्यसमा व्यक्त अवधारणामाथि विभिन्न मनोभाव जनाउने टिप्पणी गर्छन् । यस्ता शब्दहरूलाई विस्मयादिवोधक भनिन्छ । वाक्यार्थलाई मद्धत गरे पनि वाक्यात्मक अङ्गभन्दा यी अलग्गै हुने हुँदा पनि यी निपातभन्दा केही भिन्नसमेत देखा पर्दछन् । वस्तुत : विस्मयादिबोधक शब्दहरू गौण वाक्यका रूपमा प्रयोग हुन सक्छन् र यिनले व्यक्त गर्न सक्ने आशयलाई नै त्यसपछि आउने वाक्यले व्याख्या वा विस्तार गरेको प्राय :

देखिन्छ । त्यसैले पनि विस्मयादिबोधकमा वाक्यबद्धता कम पाइन्छ ।" (अधिकारी, २०४९ : ५२) । विस्मयवाचलाई निम्नलिखित विभेद गर्न सकिन्छ ।

क) हर्षवाचक : धन्य, आहा, जय आदि ।

ख) शोकवाचक : ज्या, थक्क, हा आदि ।

ग) आश्चर्यवाचक : आम्मै, ओहो आदि ।

घ) प्रशंसावाचक : स्यावास, वाहा, क्यावात् आदि ।

ङ) तिरस्कारवाचक : छ्या, छि, धत् आदि ।

च) सम्बोधनवाचक : हे, ए, रे, ओ आदि ।

**निपात :**

नेपाली वाक्यमा निपात एउटा विशेष प्रकारको पद हो । यसको सम्बन्ध वाक्यमा मात्र नभएर सङ्कथन र परिस्थितिसँग पनि हुन्छ । (पोखरेल, २०५६ : १३०)

वाक्यमा आश्रितका रूपमा प्रयुक्त भई वाक्यात्मक धारणा द्योतित गर्ने अव्ययलाई निपात भन्दछन् । निपातलाई विभिन्न आधारमा वर्गीकरण गरिएको पाइन्छ । जस्तै :

आश्रयको आधारमा :
- शब्दाश्रित
- वाक्याश्रित

स्थानको आधारमा :
- अग्रवर्ती
- मध्यवर्ती
- अन्त्यवर्ती

अक्षरको आधारमा :
- एकाक्षरी
- अनेकाक्षरी

अर्थको आधारमा :
- अपत्यार
- परोक्ष
- स्मरण
- अनिश्चय
- शङ्कावाचक आदि ।

**२.३.१.२. बनोट /व्युत्पत्तिका आधारमा शब्दको वर्गीकरण :**

भाषामा नयाँ शब्द बनाउने वा रचना गर्ने काम शब्द रचना हो । शब्द रचनालाई शब्दनिर्माण वा व्युत्पादन पनि भनिन्छ ।

शब्द निर्माण प्रक्रियामा भाषाको नियमानुसार आधार तत्वसँग आधेय तत्वको मेल वा जोड गरिन्छ । नेपाली धातु र शब्दले आधार तत्वको काम गरेका हुन्छन् भने उपसर्ग, प्रत्यय, शब्द आदिले आधेय तत्वको काम गरेका हुन्छन् । नेपाली भाषामा शब्द निर्माण गर्नका लागि उपसर्ग, प्रत्यय, समास र द्वित्व पद्धतिहरू प्रयोग गरिन्छ ।

शब्दको बनोट हेर्दा भाषामा केही शब्दहरू धातु वा शब्दमा उपसर्ग, प्रत्यय लागेर तथा शब्द नै दोहोरिएर निर्माण गरिएका हुन्छन् भने केहिको चाहिँ व्युत्पत्ति हुँदैन । ती आफै बनेका देखिन्छन् ।आफै बनेका र बनाइएका आधारमा शब्द मूल र व्युत्पत्ति गरी दुई प्रकारका हुन्छन् ( बराल र एटम, २०६६: ५१) ।

अ) मूल शब्द

आ) व्युत्पन्न शब्द

**अ) मूल शब्द :**

मूल शब्दको बनोट हुदैन ,त्यसैले यसलाई अव्युत्पन्न वा स्वतः निर्मित शब्द पनि भनिन्छ । यस्तो शब्दलाई टुक्रयाउन सकिदैन । नेपालीमा उपसर्ग तथा प्रत्यय नलागेका अनि समास र द्वित्व नभएका शब्दहरू मूल शब्दका रूपमा रहन्छन् । यसलाई रूढ शब्द पनि भनिन्छ (बराल र एटम, २०६६: ५२) । जस्तै : झ्याल, घर, पानी, रातो, केटो आदि ।

**आ) व्युन्पन्न शब्द :**

बनोट भएको शब्दलाई व्युत्पन्न भनिन्छ । व्युत्पन्नको अर्थ बनेको अर्थात निर्माण भएको भन्ने हो । यस्तो शब्दलाई टुक्रयाउन सकिन्छ । नेपाली भाषामा यस्ता शब्दहरूमा उपसर्ग, प्रत्यय, समास, द्वित्व आदि प्रक्रियाबाट बनेका हुन्छन् । जस्तै :

अवस्था – अव + स्थ

संहार – सम् + हार

बेदना – दाना + नभएको

झझल्को – झल्को + भएको

दोबाटो – दुईबाटोको संगम

नौरङ्गी – नौओटा रङहरू भएको ।

# अध्याय तीन :अध्ययनको विधि र प्रक्रिया

## ३.१. अध्ययनको संरचना

नेपाली पाठ्यपुस्तकको कक्षा नौको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन गर्नका लागि यो शोधकार्यमा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको वर्ग बनोट र अर्थका आधारमा विश्लेषण गरिएको छ । त्यसैले यसमा पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि, परामर्श विधि तथा विश्लेषण विधि अपनाइएको छ ।

## ३.२. जनसङ्ख्या र नमुना

अनुसन्धान कार्य तथ्य प्रमाणका आधारमा मात्र सम्पन्न हुने गर्दछ । यहाँ कक्षा नौको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययनका लागि जनसङ्ख्याको नमुनाका रूपमा चारवटा कथा विधामा प्रयुक्त सम्पूर्ण शब्दहरूलाई लिइएको छ ।

## ३.३. नमुना छनोट प्रक्रिया

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा भएका कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको नमुना छनोट गर्दा उद्देश्यमुलक नमुना छनौटको प्रयोग गरिएको छ । उक्त तत्सम शब्दहरूलाई जनसङ्ख्याको रूपमा लिइ पुस्तकालयीय विधि अपनाइ सामग्री सङ्कलन गरिएको छ ।

## ३.४. तथ्याङ्क सङ्कलन साधन

यस शोधपत्रमा तथ्याङ्क सङ्कलनमा प्राथमिक र द्वितीयक स्रोत प्रयोग गरिएको छ । प्राथमिक स्रोतमा नेपाली पुस्तक र द्वितीय स्रोतमा सोधपुछ तथा गुरुवर्गको सुझाव तथा निर्देशनलाई लिइएको छ ।

## ३.५. तथ्याङ्क सङ्कलन प्रक्रिया

शोध तथा अनुसन्धान कार्य तथ्यमा आधारित हुने गर्दछ । त्यसैले निश्चित विधि र प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ तसर्थ कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययनका लागि पुस्तकालयीय विधिबाट तथ्याङ्क संकलन गरिएको छ भने ती तत्सम शब्दहरू विश्लेषण गर्नका निम्ति नेपाली बृहत शब्दकोश, तत्सम नेपाली व्युत्पत्ति शब्दकोष , माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति जस्ता पुस्तकको सहायताबाट सामग्री सङ्कलन गरिएको छ ।

### ३.६. तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

शोधपत्रमा तथ्याङ्क विश्लेषण र व्याख्या गर्नु अत्यन्त आवश्यक हुन्छ त्यसैले यस शोधपत्रमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयोग भएका तत्सम शब्दहरूको सङ्कलन गर्न र तत्सम शब्दहरूलाई वर्ग, बनोट, अर्थ र पृष्ठ संख्या खुलाउनुका साथै विश्लेषण गर्न नेपाली बृहत शब्दकोश, तत्सम नेपाली व्युत्पत्ति शब्दकोष र माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति पुस्तकको प्रयोग गरिएको छ र यसकै आधारमा विश्लेषण पनि गरिएको छ ।

## अध्यायचार : व्याख्या र विश्लेषण

**कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू :**

**४.१. कक्षा नौको नेपाली पाठ्यपुस्तकमा विधाहरूको छनोटको अवस्था :**

कक्षा नौको नेपाली पाठ्यपुस्तकको बाहिरी गातामा नेपाली कक्षा ९ लेखिएको छ । यस पाठ्यपुस्तकमा कमसल खालको कागज प्रयोग गरिएको छ । यो पुस्तक नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले प्रकाशन गरेको हो । माध्यमिक शिक्षा पाठ्यकम २०७१ लाई मूल आधार मानी शिक्षा सम्बन्धी विभिन्न व्यक्ति सम्मिलित गोष्ठी अन्तरक्रिया का निष्कर्ष र विभिन्न विद्यालयमा परीक्षण गरी पृष्ठपोषण समेतलाई समेटी यो पाठ्यपुस्तक वि.सं. २०७३ सालमा प्रकाशन भएको हो र १५८ पृष्ठ सङ्ख्या भएको यस पाठ्यपुस्तक तयार पार्न चार जना लेखकहरू मिलेर लेख्नु भएको हो । डा. सुधा त्रिपाठी, धनप्रसाद सुवेदी, ध्रुवप्रसाद ढुंगाना र द्रोण दाहालद्धारा तयार पारिएको हो । यस पाठयपुस्तकमा विभिन्न विधाहरू समावेश गरी सोह्र (१६) वटा पाठ दिइएको छ । जसमा चार वटा कथा, तीन वटा कविता, दुई वटा जीवनी , दुई वटा निवन्ध, एक चिठी, एक दैनिकी , एक संवाद, एक निवेदन र एउटा वक्तृत्वकला  जस्ता विधाहरु समावेश गरिएको छ । यसरी कक्षा नौको पाठ्यपुस्तक तयार पारिएको छ ।

**तलिका संख्या ४.१ : कक्षा नौको नेपाली पाठ्यपुस्तकमा विधा छनोटको अवस्था**

| क.सं. | शीर्षक | विधा |
|---|---|---|
| **१.** | **अनारको बोट** | **कथा** |
| २. | यात्रा सुरु गरौं | कविता |
| ३. | सङ्गीतज्ञ रामशरण दर्नाल | जीवनी |
| ४. | म को हुँ | निवन्ध |
| ५. | मानव बेचविखन विरुदध हाम्रो दायित्व | वक्तृत्व |
| ६. | बहिनीलाई चिठी | चिठी |
| **७.** | **निद्रा** | **कथा** |
| ८. | वसन्त कोकिल | कविता |

| | | |
|---|---|---|
| ९. | जैविक खेती | निबन्ध |
| १०. | मङ्गलाका तिन दिन | दैनिकी |
| **११.** | **डाक्टर अङ्कल** | **कथा** |
| १२. | आङ् सान सुकी | जिवनी |
| १३. | सय रङ इन्द्रेनी | कविता |
| १४. | महिला हिंसा | संवाद |
| १५. | छात्रावास | निवेदन |
| **१६.** | **बन्धनबाट मुक्ति** | **कथा** |

कक्षा नौको पाठ्यपुस्तकमा समावेश भएका विधाहरू कथा विधाका चार वटा विधाहरू : अनारको बोट, निद्रा, डाक्टर अङ्कल र बन्धनबाट मुक्ति रहेको छ । कविता विधा अन्तरर्गत यात्रा सुरु गरौं, वसन्त कोकिल र सय रङ इन्द्रेनी भन्ने रहेको छ । जीवनी विधा अन्तरर्गत सङ्गीतज्ञ रामशरण दर्नाल र आङ सान सुकी रहेको छ । निवन्ध विधा अन्तर्गत म को हुँ ? र जैविक खेती रहेको छ । वक्तृत्व विधा अन्तर्गत मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व, चिठी विधा अन्तरर्गत बहिनीलाई चिठी, मङ्गलाका तिन दिन दैनिकी, महिला हिंसा संवाद र छात्रावास निवेदन गरी जम्मा सोह्र वटा पाठ कक्षा ९ को पाठ्यपुस्तकमा समावेश भएका छन् । जसमध्ये ९ वटा विधामा यो पाठ्यपुस्तक विभाजन गरिएको छ ।

### ४.१.१.अनारको बोट कथामा प्रयुक्त तत्सम शब्दहरू :

मुकुन्दराज पथिकद्धारा अनारको बोट कथा लेखिएको हो । यो कथा लोक तथा दन्त्य कथा मिश्रित रहेको छ । यस कथामा लोकमा घट्ने घटनाहरूलाई विषय बनाएर कथा तयार पारिएको छ । यस कथामा कल्पलताको सुन्दर पारिवारिक जीवनबाट कथा सुरू भएको छ । कथामा मानव जीवनमा घट्ने मिलन विछोड संयोग र वियोगका घटनाहरूको वर्णन गरिएको छ । पतिको मृत्यु पश्चात् छोराको मृत्युले कल्पलतामा दुःखको अवस्था देखा परेको छ भने अर्कोतिर पशुपंक्षिहरु पनि ममताका भोका हुन्छन् व्याधाले घाइते बनाएको ढुकुर औषधी उपचार गरेर निको बनाएपछी कल्पलतासँग अत्यन्त रतिएर घनिष्ठ मित्र भएको छ भने अर्कोतर्फ मानव जीवन उपकारको लागि पनि हो भन्ने कुरा पनि यस कथामा देखाउन खोजिएको छ । जुन मानिसले कुनै पनि कुराको आस

नगरी भलो गर्छ त्यसको उन्नती प्रगती हुदै जान्छ । हामीले कर्म गर्दा सधैं फलको आस गर्नु हुदैन जसरी कल्पलताले कुनै पनि कुरा पाउने अपेक्षा नगरी जुन कार्य गरेकी थिइन् फलस्वरूप उनले आफै फल पाइन् । यसरी यस कथामा कर्म गर तर फलको आस नगर , स्वच्छ मनले कर्म गरेपछि अवश्य फल प्राप्त हुन्छ भन्ने सन्देश पनि दिएको छ । हामीले जीवनमा जे जस्तो कर्म गर्छौ त्यस्तै फल पाउँछौं , हामी मानिस दुःखमा आत्तिन हुदैन, जसरी पृथ्वीमा दिन पछि रात र रात पछि दिन हुन्छ त्यस्तै मानव जीवनमा पनि दुः ख र सुख एक आपसमा घेरिएका हुन्छन् । मानिसमा दुःखमा सहन गर्ने क्षमता हुनुपर्छ भन्ने सन्देश यस कथामा कथाकार मुकुन्दराज पथिकले दिन खोजेका छन् ।

यस कथामा प्रयोग गरिएका शब्दहरू शब्द स्रोतका आधारमा हेर्दा तत्सम शब्दहरूको प्रयोग अन्य शब्दको तुलनामा कम प्रयोग भएको पाइए पनि कक्षा नौको लागि उपयुक्त रूपमा प्रयोग भएको पाइन्छ । यस कथामा प्रयोग भएका तत्सम शब्दहरूलाई तालिकामा निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

**तालिका संख्या ४.२ :"अनारको बोट" कथामा प्रयुक्त तत्सम शब्दहरू**

| क.सं. | तत्सम शब्द | शब्द वर्ग | बनोट प्रकिया | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | अत्यन्त | क्रियाविशेषण | अति + अन्त | साह्रै, ज्यादै, धेरै | ४ |
| २ | अनुपस्थित | नाम | अन् + उपस्थिति | उपस्थित नभएको स्थिति, प्रत्यक्ष नदेखिएको स्थिति | २ |
| ३ | अभ्यस्त | विशेषण | अभि + अस्त | अभ्यास गरिएको, अभ्यासले गर्दा बानी परेको | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | अलापविलाप | नाम | अलाप + विलाप | कसैसँग गरिने पिरमर्काको अभिव्यक्ति, दुखेसो पोखाई | २ |
| ५ | अवस्था | नाम | अव + स्था | कुनै कार्य घटना आदिको स्थिति | १ |
| ६ | आकर्षक | विशेषण | आ +कृष+अक | आकर्षण गर्ने, खिच्न वा तान्न सक्ने क्षमता भएको | १ |
| ७ | आकाश | नाम | आ + काश | पृथ्वी माथिको खुला वा खाली ठाउँ, सागर, आकास | ३ |
| ८ | आशा | नाम | | मनमा उब्जने चाहना, धोको, इच्छा अभिलासा | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | इच्छा | नाम | मूल शब्द | कुनै कुराको प्राप्ति वा विनाशका लागि मनमा उठने चाहना, अपेक्षा, आशा कामना | ५ |
| १० | ईश्वर | नाम | इश + वरच | सम्पूर्ण विश्व व्रहमाण्ड वा सृष्टिलाई बनाउने र बिगार्ने र तिनको नियन्त्रण तथा शासन गर्ने मानिसका परम पुरुष वा परमात्माका रुपमा पुजिने सर्वप्रधान | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सत्ता भगवान्, परमेश्वर | |
| ११ | उपचार | नाम | उप + चार | कुनै रोगबाट छुटकारका निम्ति गरिने उपाय ओखतीमुलो इलाज | ३ |
| १२ | ऋण | नाम | मूल शब्द | अरुसँग लिएको सापटी कर्जा रिन | ३ |
| १३ | एक | नाम | मूल शब्द | पूर्ण राशीमा सङ्ख्या क्रमका हिसाबले पहिलो सङ्ख्या १-को अङ्क | १ |
| १४ | औषधी | नाम | औषध + ई | विरामीको रोग निको पार्न प्रयोग गरिने वा खुवाईने | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बस्तु दबाई ओखती | |
| १५ | औषधोपचार | नाम | औषध+ उपचार | औषधीको प्रयोग गरेर रोग निको पार्ने कार्य । | २ |
| १६ | कर्म | नाम | मूल शब्द | व्यक्तिले गर्ने कुनै काम कार्य वा गतिविधि । | २ |
| १७ | कल्पलता | नाम | कल्प + लता | जसलाई छुँदा वा जसको छाँया पर्दा मनले कल्पेको इच्छा पूरा हुन्छ भन्ने ठानिएको स्वर्गमा पाइने एक लहरो । | १ |
| १८ | घनिष्ठ | विशेषण | घन + इष्ठ | सबै भन्दा नजिकको ज्यादै निकट आत्मीय । | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | चमत्कार | नाम | चमत् + कार | आश्चर्य, अचम्म, विस्मय । | ३ |
| २० | जीवन | नाम | जीव + अन | प्राणीको जन्म देखि मृत्युसम्मको अवधि आयु जीन्दगी । | २ |
| २१ | ज्वाला | नाम | मूल शब्द | आगोको लप्को मुस्लो । | ५ |
| २२ | जयकार | नाम | जय + कार | विजयको उत्सवमा भनिने जयजयको आवाज । | ५ |
| २३ | तथा | नाम | मूल शब्द | तथ्य कुनै कामकुरामा सल्लाहले गरिने निधो पक्कापक्की । | ४ |
| २४ | दिन | नाम | मूल शब्द | दिउँसोको समय । | १ |
| २५ | दुः खी | विशेषण | दुख + ई | दुखी | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | देश | नाम | मूल शब्द | चारैतिर फैलिई अनेकौं गाउँ शहर जिल्ला अञ्चल वा प्रान्त मिलेर बनेको एक विशिष्ट भुभाग , मुलुक । | ५ |
| २७ | दैव | विशेषण | देव + य | देवतासम्बन्धी देवता वा ईश्वरबाट भएको । | २ |
| २८ | धनी | विशेषण | धन + ई | धेरै धन हुने धनवान् धनाढ्य, सेठ । | ५ |
| २९ | धन्यवाद | नाम | धन्य + वाद | असल काम वा आफूलाई हित हुने काम गरे वापत | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कसैलाई कृतज्ञता तथा आभार जनाउन प्रयोग गरिने शब्द । | |
| ३० | नदी | नाम | नद + ई | खोलाहरु मिसिएर बनेको पानीको ठूलो प्रवाह, ठूलो खोला । | १ |
| ३१ | नाम | नाम | मूल शब्द | कुनै व्यक्ति स्थान आदीलाई चिनाउने वा पहिचान दिने शब्द नाउँ । | १ |
| ३२ | निर्णय | नाम | निर् + नय | छलफलबाट निस्किएको कुरा, निष्कर्ष, निधो । | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | निर्दयी | विशेषण | निर् + दया + ई | दया नभएको निष्ठुरी । | २ |
| ३४ | निर्माण | नाम | निर् + मान | कुनै वस्तुलाई आकारमा ढाल्ने काम, मूर्त रुप दिने काम । | ५ |
| ३५ | निरन्तर | विशेषण | निर + अन्तर | बीचमा नटुटेको व्यवस्था नभएको लगातारको बराबर उस्तै किसिमको । | २ |
| ३६ | पति | नाम | मूल शब्द | विवाहित महिलाको लोग्ने । | १ |
| ३७ | परम्परा | नाम | परम् + परा | धेरै पहिले देखि चलि आएको प्रचलन । | १ |
| ३८ | परिवार | नाम | परि + वार | रगत, वीर्य, नाता, घर, अनुकुलता र वैवाहिक | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सम्बन्धले संयुक्त भएका मानिसको समूह । | |
| ३९ | पुन | नाम | मूल शब्द | फेरि अर्को पटक । | ३ |
| ४० | प्रतिदिन | क्रियायोगी | प्रति + दिन | प्रत्येक दिन दिनहुँ । | २ |
| ४१ | प्रतिमा | नाम | प्रति + मा | कुनै व्यक्ति आदीको रुप तथा आकृति झल्कने अर्को निर्मित वस्तु । | ५ |
| ४२ | प्रदुषण | नाम | प्र + दुषण | दुसित पार्ने काम , दोष वा खराबी । | १ |
| ४३ | प्रफुल्ल | विशेषण | प्र + फुल्ल | राम्ररी फुलेको तथा फक्रेको । | ५ |
| ४४ | प्रयोग | नाम | प्र + योग | कुनै कुरालाई | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ब्यवहारमा उपयोग गर्ने काम उपयोग । | |
| ४५ | प्रवृत्ति | नाम | प्र + वृत्ति | कुनै काम प्रति झुकाव आकर्षक प्राण भएको वस्तु वा व्यक्ति । | ४ |
| ४६ | प्राणी | नाम | प्राण + ई | प्राण भएको वस्तु वा व्यक्ति । | ४ |
| ४७ | प्रिय | विशेषण | प्री + य | मन पर्ने प्यारो, मायालाग्दो स्नेही । | २ |
| ४८ | फल | नाम | मुल शब्द | रुख बोट लहरो आदीमा लाग्ने दाना वा गेडा । | ४ |
| ४९ | बहुमूल्य | विशेषण | बहु + मूल्य | धेरै मोल पर्ने दामी । | ४ |
| ५० | भाग्य | नाम | भज् + य | कुनै प्राणीलाई | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ईश्वरले तोकि दिएको मानिने जीवन चर्या । | |
| ५१ | मठ | नाम | मुल शब्द | जोगी साधु सन्त आदि बस्ने घर । | १ |
| ५२ | मन | नाम | मूल शब्द | आँखा कान आदि ज्ञानेन्द्रियका माध्यमले कुनै कुरा बुझ्ने तथा सम्झने अदृश्य तत्व । | ३ |
| ५३ | मन्दिर | नाम | मन् + दिर | देवी देवताको मूर्ति वा प्रतिमा राखिएको ठाउँ । | १ |
| ५४ | मात्र | नाम | मूल शब्द | खलि केवल एक्लै भन्ने आशयमा प्रयोगमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | आउने शब्द । | |
| ५५ | मुक्त | विशेषण | मुच् + त्त | कसैको अधीनको वा बन्धनबाट छुटेको । | १ |
| ५६ | मुख | नाम | मूल शब्द | प्राणीहरुको खान र बोल्नको लागि उपयोगी अङ्ग । | १ |
| ५७ | मित्र | नाम | मूल शब्द | साथी, सखा, सँगी , दौतरी । | २ |
| ५८ | मृत्यु | नाम | मृत् + यु | देहावसान, निधन, मरण । | १ |
| ५९ | यापन | नाम | या + अन | बिताउने वा गुजार्ने काम निर्वाह । | २ |
| ६० | रूप | नाम | मूल शब्द | कुनै वस्तु व्यक्ति आदिको वाहिरी | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | स्वरूप आकार आकृति । | |
| ६१ | वन | नाम | मूल शब्द | धेरै रूख बोट बिरूवा र वाक्लो झाडी भएको क्षेत्र जङ्गल | १ |
| ६२ | वर्ष | नाम | वृष + अ | १२ महिनाको समय वा सो अवधि ३६५ दिनको समयावधि , साल । | ४ |
| ६३ | वार्षिकी | नाम | वार्षिक + ई | प्रत्येक वर्षमा गरिने काम वर्षान्तरको काम । | ५ |
| ६४ | विचार | नाम | वि + चार | कुनै विषय समस्या आदिका बारेमा सोचिएको | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कुरो चिन्तन मनन । | |
| ६५ | विद्यालय | नाम | विद्या + आलय | विद्यार्थीलाई पढाउने सुविधा भएको शैक्षिक सस्था । | २ |
| ६६ | वृतान्त | नाम | वृत + अन्त | कुनै वस्तु विषय घटना आदिको विस्तृत विवरण बेली विस्तार बर्णन । | ४ |
| ६७ | व्यस्त | विशेषण | वि + अस्त | कुनै कार्य वा गतिविधिमा एकाग्र भएर लागेको कामको फुर्सद नभएको बेफुर्सद । | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६८ | श्रीमान | विशेषण | श्री + मान् | कुनै समारोहको अतिथिका रूपमा वा विशिष्ट पदमा रहेको व्यक्ति वा प्रतिष्ठित व्यक्तिको व्यक्तित्वलाई सम्मान जनाउँदा भनिने शब्द । | २ |
| ६९ | समय | नाम | मूल शब्द | मिनेट, घण्टा, दिन, रात, हप्ता, महिना, वर्ष , युग आदिलाई जनाउने शब्द काल । | ५ |
| ७० | सम्पन्न | विशेषण | सम् + पद् + न | सम्पत्ति प्रशस्त भएको धनी । | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७१ | सम्भव | विशेषण | सम् + भव | सम्भावना भएको, हुन सक्ने सम्भावित । | ३ |
| ७२ | सरल | विशेषण | सृ + अल | बाङ्गोटेङ्गो नभएको सोझो सिधा । | १ |
| ७३ | सहयोग | नाम | सह +योग | कसैलाई गरिने मद्दत, कसैको कार्यमा सघाउने काम । | ४ |
| ७४ | सहयोगी | नाम | सहयोग +ई | कसैलाई मद्दत गर्ने व्यक्ति, सहायता गर्ने मानिस । | १ |
| ७५ | सामान्य | विशेषण | सामान +य | विशिष्ट गुण वा विशेषता नभएको साधारण । | २ |
| ७६ | सुख | नाम | मूल शब्द | मनमा हुने आनन्द | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मनको शान्ति । | |
| ७७ | सुन्दर | विशेषण | मूल शब्द | देख्दा राम्रो आकर्षक, मनोरम रमणीय । | १ |
| ७८ | सुविधा | नाम | सु +विधा | आवश्यक सामग्री सजिलै पाउदाको अवस्था, सुविस्ता । | १ |
| ७९ | सेवा | नाम | सेव् +आ | अशक्त असहाय, वृद्‌ध रोगी आदिलाई गरिने हेर विचार । | ४ |
| ८० | स्थापना | नाम | स्थापन +आ | कुनै वस्तुलाई खास ठाउँमा मिलाएर राख्ने काम, विधिपूर्वक खडा गर्ने काम । | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८१ | हित | नाम | मूल शब्द | कसैलाई भलो हुने काम भलो । | ५ |

कथाकार मुकुन्दराज पथिकद्धारा लेखिएको लोक तथा दन्त्य कथा “अनारको बोट” मा जम्मा १४०९ शब्दहरू प्रयोग भएका छन् जसमध्ये १५२ वटा तत्सम शब्द रहेका छन् प्रतिशतका हिसावले १०.७८ प्रतिशत तत्सम शब्दको प्रयोग यस कथामा भएको पाइन्छ । यस कथामा आवृत्ति भएका शब्दहरूलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका संख्या ४.३ : आवृत्ति भएका शब्दहरू**

| शव्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| ईश्वर | ३ | प्रतिमा | २ |
| उपचार | ३ | फल | २ |
| एक | १२ | मन | २ |
| कल्पलता | २६ | मुख | २ |
| दिन | १४ | विचार | ३ |
| धन्यवाद | २ | विद्‍यालय | ४ |
| निर्माण | २ | वृत्तान्त | २ |
| पति | ३ | श्रीमान् | २ |
| प्रतिदिन | २ | सेवा | ३ |

“अनारको बोट” कथामा १८ वटा तत्सम शब्दहरूको आवृत्ति भएको पाइयो । जसमध्ये सबैभन्दा बढि आवृत्ति भएको शब्द कल्पलता २६ पटक आवृत्ति भएको देखिन्छ भने सबैभन्दा कम आवृत्ति हुने शब्दहरूमा धन्यवाद, निर्माण, प्रतिदिन, प्रतिमा, फल, मन, मुख, वृत्तान्त, श्रीमान् शब्द २ पटक मात्र आवृत्ति भएको पाइन्छ ।

### ४.१.२. निद्रा कथामा प्रयुक्त तत्सम शब्दहरू :

राणाकालीन परिवेशलाई आधार बनाएर लेखिएको निद्रा कथा एउटा ऐतिहाँसिक कथा हो । यसमा मूलतः दरवारहरूमा, शक्तिकेन्द्रमा कसरी राज्यको शक्ति केन्द्रमा रहेर राज्य सत्ता चलाउने राणाहरू हुन् या शाहाकालीन होस या राणाकालीन इतिहाँस होस यिनीहरूमा राज्य संचालन गर्न शक्ति हातमा लिन सधैं सत्तामा रहिरहन राज्य सञ्चालकहरूले के कस्ता षडयन्त्र गर्छन् भन्ने कुरालाई देखाईएको छ त्यस्तै उनिहरूको परिवारभित्र पनि षड्यन्त्र गरि बन्धु हत्या मार्फत सत्ता हत्याउन के कस्ता कुकृत्यहरू गर्न पनि तयार हुन्छन् भन्ने कुरालाई एकातर्फ यस कथामा देखाईएको छ भने अर्कोतर्फ यस्तै कार्यहरू गरेर हजारौं मानिसहरूलाई दुःख कष्ट दिएर आफ्नो स्वार्थ र सम्पत्ति हत्याउँदा पनि सुख शान्ति चाहीं हुदैन भन्ने कुरालाई पनि देखाईएको छ । यस्ता शासकहरूको प्रतिनिधित्व यस कथामा चन्दशमशेरले  गरेका छन् । चन्द्रशमशेरको माध्ययमद्धारा उसले आफूले गरेका विगतका अन्याय अत्याचार गल्ती कमजोरीहरूप्रति पश्चाताप गर्दै शक्ति र सत्ता भएको बेलामा गरेको कुकृत्यहरु सर्वोपरि हो भन्ने मान्यता राख्ने सबै मानिसलाई सचेत पनि गराईएको छ । यी कुराहरुलाई चन्द्रशमशेर रातभरी ननिदाउनु छटपटिनुले पुष्टि गर्छ । वास्तवमा मानिसहरू जीवनमा शक्ति सत्ता र सम्पत्ति सर्वोपरि हो भन्ने ठान्छन् तर यो गलत हो यसका पछि लाग्नेहरू चन्द्रशमशेर जस्तै छटपटाउनु पर्छ र पश्चतापमा पर्नुपर्छ भन्ने कुरापनि यस कथामा देखाईएको छ । मानिस जन्मसँगै मृत्यु लिएर आएको हुन्छ कालजई मानिस शक्ति सम्पत्तिले होईन सेवाको भावनाले राम्रा कार्यहरूले, सत्कार्यहरूले मात्र हुन्छ । जव मानिसले जीवनको महत्व बुझ्छ उसले सम्पत्ति सत्तालाई महत्व दिदैन त्यस समय मात्र जीवको वास्तविक मार्ग पत्ता लगाउँछ र राम्रा कार्यहरू तर्फ अग्रसर हुन्छ । चन्द्रशमशेरले पनि आफ्नो जीवनको मूल्य र महत्व बुझेपछि इतिहाँसमा आफ्नो नाम लेखाउन आफू माथि लागेको कलङ्क हटाउन उनले दासप्रथा र सतीप्रथा जस्ता कुप्रथालाई हटाउँदै जीवनलाई सार्थक पार्ने कार्यमा लागे ।

यसरी समग्रमा भन्दा सुख र सन्तुष्टि भन्ने कुरा सम्पत्ति पद र पतिष्ठाबाट होईन कि असल कर्मबाट मात्र प्राप्त हुन्छ भन्ने कुरा डा. सुधा त्रिपाठी, डा. धनप्रसाद सुवेदी, ध्रुवप्रसाद ढुङ्गाना र द्रोण दाहाल ले देखाउने प्रयास गरेका छन् ।

**तालिका संख्या ४.४ :“निद्रा” कथामा प्रयुक्त तत्सम शब्दहरू**

| क.सं. | तत्सम शब्द | शब्द वर्ग | बनोट प्रक्रिया | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | अति | कियायोगी | | बढ्ता, ज्यादा, असाध्य | ६१ |
| २ | अनावश्यक | विशेषण | अन + आवश्यक | आवश्यक नभएको, चासोविनाको नचाहिने | ६० |
| ३ | अन्तराष्ट्रिय | विशेषण | अन्तर + राष्ट्रिय | अन्तरराष्ट्रिय | ६१ |
| ४ | असुरक्षित | विशेषण | अ + सुरक्षित | सुरक्षित नभएको, सुरक्षाविनाको | ६१ |
| ५ | आनन्द | नाम | आ + नन्द | मनमा अनुभव हुने खुसियाली, हर्ष | ६३ |
| ६ | इतिहाँस | नाम | इति+ह+ आस | कुनै देश जाती संस्था आदिको उत्पति र विकासको कथा | ६२ |
| ७ | उन्मूलन | नाम | उत्+मुल्+ अन | कुनै विरूवालाई जरा वा फेदसँगै उखेल्ने वा उजाडने काम | ६२ |
| ८ | उपचार | नाम | उप् + चार | कुनै रोगबाट छुटकाराका निम्ति गरिने उपाय ओखतीमुलो | ६१ |
| ९ | एक | नाम | मूल शब्द | पूर्ण राशीमा सङ्ख्या कमका हिसाबले पहिलो सङ्ख्या १-को अङ्क । | ५९ |
| १० | करोड | नाम | क + रोड | एक करोड जनाउने सङ्ख्या | ६१ |
| ११ | कलङ्क | नाम | क + लङ्क | कुनै वस्तुमा लागेको दाग, टाटो । | ६२ |
| १२ | कीर्ति | नाम | कृत् + ति | असल कर्मबाट फैलने सुनाम | ६२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रसिद्धि ख्याति । | |
| १३ | कोष | नाम | कोष् + अ | धन माल आदिको भण्डार ढुकुटि । | ६१ |
| १४ | कृष्ण | नाम | मूल शब्द | भगवान विष्णुको अवतार । | ६२ |
| १५ | क्षतिपूर्ति | नाम | क्षति + पूर्ति | नोक्सानी बेहोर्ने वा भराउने काम हानिको पूर्ति । | ६३ |
| १६ | गेहेन्द्र | नाम | मूल शब्द | घर मालिक । | ५९ |
| १७ | घोषणा | नाम | घोषण् + आ | ठुलो आवाजमा कुनै निर्णय वा अठोट सुनाउने काम, उद्घोषण | ६३ |
| १८ | चन्द्र | नाम | चन्द्र +अ | चन्द्रमा । | ६९ |
| १९ | चिन्ता | नाम | चित्त + आ | कुनै विषय वा समस्याले गलाई सताएको स्थिति । | ५९ |
| २० | जगत | नाम | ज +गत् | संसार, विश्व, दुनिया । | ६० |
| २१ | त्रास | नाम | मूल शब्द | डर, भय । | ६२ |
| २२ | त्रिभुवन | नाम | त्रि + भुवन | तिन भुवन । | ६० |
| २३ | दक्षिणा | नाम | दक्षिण + आ | यज्ञ पूजा आदि समाप्त भएपछि ब्राहमणलाई दिइने पैसा वा उपहार । | ६२ |
| २४ | दान | नाम | दा + न | आफूसँग भएको चिज अरुलाई दिने काम, प्रदान। | ६२ |
| २५ | दास | नाम | मूल शब्द | अरूबाट किनेर ल्याएको नोकर कमारो बाँध । | ६२ |
| २६ | दासदासी | विशेषण | दास + दासी | कमाराकमारी, नोकरनोकर्नी । | ६३ |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | दासप्रथा | नाम | दास + प्रथा | मानिसलाई पशु जस्तै किनवेच गरेर नोकर बनाउने प्रथा । | ६२ |
| २८ | दिन | नाम | मूल शब्द | सूर्य उदायपछि नअस्ताएसम्मको समय वा अवधि । | ५९ |
| २९ | देब | नाम | मूल शब्द | स्वर्गमा बस्छन् भनि ठानिएका अमर प्राणी, देवता । | ६० |
| ३० | देवी | नाम | देव + ई | शक्तिकी प्रतीक मानिएकी स्त्री देवता । | ६० |
| ३१ | ध्यान | विशेषण | ध्यै + अन | कुनै विषय वा कार्यमा विशेष रुचि लिई एकाग्र हुने काम एकाग्रता । | ६२ |
| ३२ | नरक | नाम | न + रक | मरेपछि पापीहरु जाने ठानिएको ठाउँ । | ६२ |
| ३३ | निद्रा | नाम | मूल शब्द | थकाइ वा अल्छीपनले आँखा लट्ठ भई शरीर तथा मन जागरुक नभएको अवस्था, निदाएको स्थिति । | ५९ |
| ३४ | नेपाल | नाम | ने + पाल | दक्षिण यसियामा पर्ने हिमालको दक्षिण भागमा अवस्थित अधिकांश पहाडी भुभाग भएको उत्तरमा चिन र दक्षिणमा भारतसँग जोडिएको देश, सगरमाथाको देश । | ५९ |
| ३५ | पति | नाम | मूल शब्द | विवाहित महिलाको लोग्ने । | ५९ |
| ३६ | पद | नाम | मूल शब्द | योग्यता क्षमता आदिका आधारमा कसैलाई कामका लागि | ६३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | दिइने स्थान दर्जा । | |
| ३७ | पदच्युत | नाम | पद + च्युत | कुनै पदमा रहेको व्यक्तिलाई सो पदबाट हटाउने वा अवकास दिने काम । | ६० |
| ३८ | पशुपतिनाथ | नाम | पशुपति + नाथ | पशुपति वा पशुपत क्षेत्रमा रहेका प्रसिद्ध देवता महादेव । | ६१ |
| ३९ | पाठपूजा | नाम | पाठ + पूजा | देवी देवता सम्बन्धी पवित्र ग्रन्थ वाचन गर्ने र पूजा गर्ने काम । | ६२ |
| ४० | पारिवारिक | विशेषण | परिवार + इक | परिवारसँग सम्बन्धित, परिवारमा हुने, परिवारको । | ६० |
| ४१ | प्रजातान्त्रिक | विशेषण | प्रजातन्त्र + इक | प्रजातन्त्र भएको, प्रजातन्त्र सम्बन्धी लोकतान्त्रिक । | ६१ |
| ४२ | प्रतिष्ठा | नाम | प्रति + स्था | कुनै व्यक्ति सँस्था आदिको इज्जत मान । | ६३ |
| ४३ | प्रथा | नाम | प्रथ+आ | पहिलेदेखि चलि आएको रीति चाल चलन | ६२ |
| ४५ | प्रायश्चित | नाम | प्राय+चित्त | आफुले जानी वा नजानीकन गरेको भुललाई महसुस गरी आइन्दा त्यस्तो नगर्न गरिने प्रतिज्ञा | ६२ |
| ४६ | बालकुमारी | नाम | बाल + कुमारी | अंग्रेजीमा मैडेन हेयर ट्रि भनिने संसारमै ज्यादै कम पाइने दुर्लभ जातको मझौला खालको रूख | ५९ |
| ४७ | भारत | नाम | भा + रत | दक्षिण यसियाको एक विशाल देश नेपालको दक्षिण सिमाना | ६१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | जोडिएको देश | |
| ४८ | भाषण | नाम | भाष्+अन | श्रोताहरूको समुहमा उभिई समसामयिक बिषयमा गरिने मौखिक व्याख्यान, कुनै विषयमा दिइने लामो प्रवचन । | ६० |
| ४९ | भीम | विशेषण | भी+म | डरलाग्दो, भयङ्कर | ५९ |
| ५० | भ्रम | नाम | भर + म | एउटा वस्तुलाई अर्कै वस्तु ठान्दाको स्थिति | ६१ |
| ५१ | मन | नाम | मूल शब्द | आँखा कान आदि ज्ञानेन्द्रियका माध्यमले कुनै कुरा बुझ्ने तथा सम्झने अदृश्य तत्व । | ६२ |
| ५२ | महाराज | नाम | महा + राजा | सार्वभौमसत्ता सम्पन्न ठूलो राजा | ५९ |
| ५३ | मान्यजन | नाम | मान्य+जन | मान्नुपर्ने मानिस आदर गर्नु पर्ने व्यक्ति मान्य व्यक्ति । | ६२ |
| ५४ | मुक्त | विशेषण | मुच्+त | कसैको अधीन वा बन्धनबाट छुटेको फुक्का स्वतन्त्र | ६३ |
| ५५ | मूल्य | नाम | मुल+य | कुनै सामान किनबेच गर्दा त्यसका लागि तोकिएको रकम, मोल किमत | ६३ |
| ५६ | मृत्यु | नाम | मृज + ल्युट | मर्ने किया, मरण, निधन, देहावसान | ६० |
| ५७ | यमदूत | नाम | यम+दूत | यमराजले खटाएको काम गर्ने तथा मर्ने बेलामा मान्छेलाई लिन आउने ठानिएको यमराजको दूत । | ६२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५८ | युवा | नाम | मूल शब्द | जवान, युवक, तन्नेरी | ६१ |
| ५९ | रणोद्दीप | नाम | रण+उद्दीप | युद्ध कुशल व्यक्ति । | ६० |
| ६० | रहस्यमय | विशेषण | रहस्य+मय | रहस्यले भरिएको रहस्यपूर्ण | ६० |
| ६१ | राज्यकोष | नाम | राज्य+कोष | राज्यको आम्दानी जम्मा हुने कोष, सरकारको ढुकुटी | ६१ |
| ६२ | रूप | नाम | मूल शब्द | कुनै वस्तु व्यक्ति आदिको बाहिरी स्वरूप आकार आकृति | ५९ |
| ६३ | रोग | नाम | मूल शब्द | शरीरमा हुने अस्वस्थता विमार व्यथा । | ५९ |
| ६४ | लङ्का | नाम | मूल शब्द | भारतको सुदुर दक्षिण क्षेत्रमा समुन्द्रको बीचमा टापुको रुपमा रहेको एक देश । | ६० |
| ६५ | वंश | नाम | व + अंश | मानिस वा त्यसको जातिको सन्तान खलक | ६० |
| ६६ | विदेशी | विशेषण | विदेश+ई | अर्को देशको, अर्को देशमा रहेको वा बनेको | ६१ |
| ६७ | विभूषण | नाम | वि+भूष्+अन | गहना, आभूषण, अलङ्कार | ६१ |
| ६८ | विरुद्ध | नाम | वि+रुद्ध | कसैको विचार, मत आदिको विरोध । | ६१ |
| ६९ | विश्व | नाम | मूल शब्द | पृथ्वीको सम्पूर्ण भाग संसाार जगत् । | ६१ |
| ७० | विश्वयुद्ध | | विश्व+युद्ध | लडाई , विश्वस्तरको लडाई । | |
| ७१ | विश्वास | नाम | वि+श्वास | कुनै व्यक्ति वा उसको काममा भर पर्ने स्थिति प्रत्यार वा भरोसा | ५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | । | |
| ७२ | वीर | नाम | मूल शब्द | साहसी व्यक्ति, उत्साही तथा आँटिलो मान्छे, बहादुर । | ६० |
| ७३ | वैज्ञानिक | विशेषण | विज्ञान+इक | विज्ञान सम्बन्धी , विज्ञानको | ६० |
| ७४ | व्यवहार | नम | वि+अव+हार | समाजमा एक एक व्यक्तिले अर्को व्यक्तिसँग कायम गर्ने सम्बन्ध आचरण, चाल चलन । | ५९ |
| ७५ | शक्ति | नाम | शक्+ति | व्यक्ति, प्राणी आदिमा हुने क्षमता सामर्थ्य बल आदि । | ६२ |
| ७६ | शङ्का | नाम | शङ्क+आ | खराब हुन्छ कि भन्ने डर आशङ्का सन्देह । | ६० |
| ७७ | शत्रु | नाम | मूल शब्द | कसैको अहित गर्ने व्यक्ति, कसैलाई घृणा गर्ने व्यक्ति । | ५९ |
| ७८ | शासन | नाम | शास+अन | सरकारले जनता माथि गर्ने नियन्त्रण वा नियमन, कानुन अनुसार देशमा अमनचयन कायम राख्ने काम । | ५९ |
| ७९ | शिक्षित | विशेषण | शिक्ष्+इत | शिक्षा प्राप्त गरेको, पढेलेखेको | ६० |
| ८० | शुरक्षित | विशेषण | सु+रक्षित | सुरक्षा गरिएको, संरक्षित । | ६१ |
| ८१ | षड्यन्त्र | नाम | षड्+यन्त्र | कसैको अहित वा अनिष्ट गर्न गरिने जालझेल, छल कपट, कसैका विरुद्ध गरिने गुप्त गतिविधि । | ६१ |
| ८२ | संसार | नाम | सम्+सार | पृथ्वीको सम्पूर्ण भूभाग विश्व | ६० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | दुनियाँ | |
| ८३ | सती | नाम | सत्+ई | सत्य वा पतिव्रता धर्ममा रहेकी स्त्री सदाचारी स्त्री | ६२ |
| ८४ | सत्ता | नाम | सत्+त+आ | रहँदा वा हुँदाको स्थिति विद्यमान अस्तित्व | ६१ |
| ८५ | सन्तुष्टि | नाम | सम्+तुष्टि | सन्तुष्ट भएको अवस्था | ६३ |
| ८६ | सम्पत्ति | नाम | सम्+पत्ति | कसैको निजी अधिकारमा रहेको चल वा अचल धन, धनदौलत । | ६२ |
| ८७ | सम्भावना | नाम | सम+भावना | कुनै कुरा वा घटना हुन सक्ने परिस्थिति सम्भाव्यता । | ६१ |
| ८८ | सम्बन्ध | नाम | सम्+बन्ध | कुनै वस्तुलाई अर्को वस्तुसँग जोड्ने काम, योग | ६१ |
| ८९ | सुख | नाम | मूल शब्द | मनमा हुने आनन्द मनको शान्ति खुसियाली हर्ष । | ६३ |
| ९० | स्तर | नाम | मूल शब्द | वस्तुको उचाई, तह, सतह । | ६१ |

'निद्रा' कथामा जम्मा १२०५ वटा शब्दहरूको प्रयोग भएको पाइन्छ । जसमा १६६ वटा तत्सम शब्दहरू रहेका छन् । प्रतिशतका दृष्टिले १३.७७ प्रतिशत तत्सम शब्दहरूको प्रयोग यस कथामा गरिएको छ । 'निद्रा' कथामा विभिन्न शब्दहरू आवृत्ति भएको पाइन्छ । जुन शब्दहरूलाई तालिकामा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**तालिका संख्या ४.५ : शब्द आवृत्ति**

| **शब्द** | **आवृत्ति** | **शब्द** | **आवृत्ति** |
|---|---|---|---|
| अन्तराष्ट्रिय | २ | बालकुमारी | १८ |
| आनन्द | २ | भारत | २ |
| उपचार | २ | रणोद्दीप | २ |
| एक | २ | राज्यकोष | २ |
| गेहेन्द्र | ५ | रोग | २ |
| घोषणा | २ | विरुद्ध | २ |
| चन्द्र | २४ | शङ्का | ३ |
| चिन्ता | ३ | शत्रु | २ |
| दास | ३ | शासन | ३ |
| दासप्रथा | ३ | संसार | २ |
| दिन | ३ | सती | २ |
| देव | २ | सत्ता | २ |
| पद | २ | सम्पत्ति | २ |
| प्रथा | ४ | | |

'निद्रा' कथामा २६ वटा शब्दहरू आवृत्ति भएको पाइन्छ । जसमध्ये चन्द्र शब्द २४ पटक अर्थात सबै भन्दा बढी पटक आवृत्ति भएको पाइन्छ भने सबै भन्दा कम आवृत्ति हुने शब्दहरू अन्तराष्ट्रिय, आनन्द, उपचार, एक, देव, पद, भारत, रणोद्दीप, राज्यकोष, रोग, विरूद्ध, शत्रु, संसार, सती, सत्ता र सम्पत्ति शब्दहरू सबै भन्दा कम र दुई पटक मात्र आवृत्ति भएको पाइन्छ ।

### ४.१.३. डाक्टर अङ्कल कथामा प्रयुक्त तत्सम शब्दहरू :-

यो सामाजिक यथार्थवादी कथा हो । यस कथामा आत्मराम शर्मा पुडासैनीले सामाजिक यथार्थलाई देखाउने काम गरेका छन् पहाडी भूभागमा भारी बोक्नु , घाँस, दाउरा गर्नु खेतीपाती गर्नु जस्ता कुराले एउटा ग्रामिण समाजको झझल्को दिन्छ एउटा निम्नवर्गीय किसानले परिवार भारी बोक्न जाँदा आमाको मृत्यु हुनु बाबुले नै सम्पूर्ण पारिवारिक जिम्मेवारी लिनु र आफ्नो परिवारलाई धान्दै लानु किसानकी छोरी सानै उमेरमा विहे गर्नु, किसानको छोरो पढ्दापढ्दै छोडेर विदेश जानु र कान्छो छोराले बाबुसँगै घरमा बसेर दुखजिलो गर्दै पढ्नु आदि विषयवस्तुले समाजका निम्न वर्गीय व्यक्तिहरूको जीवन कथालाई देखाएको छ भने अर्को तर्फ समाजका निम्नवर्गका व्यक्तिहरूमा योग्यता, क्षमता, अत्यन्त धेरै हुन्छ तर उनीहरूले अवसर पाइरहेका हुदैनन् अवसर पाउने हो भने डाक्टर, इन्जिनियर र राष्ट्रका उच्च पदमा सम्म पुग्न सक्छन् लगनशीलता र मेहनतले मान्छेलाई सफलताको शिखरसम्म पुऱ्याउँछ भन्ने कुरा डाक्टर अङ्कलको कथाले प्रमाणित गर्न सक्छ । अर्काको घरमा बसेर विज्ञान विषयमा उत्कृष्ट हुनु सरकारबाट मान्यता पाएर विदेशमा पढ्न जान पाउनु, छात्रवृत्ति पाउनु निम्नवर्गीय व्यक्ति डाक्टर ऊ भित्रको योग्यता क्षमता र प्रतिभाले नै हो । त्यसैले यस कथाको माध्यमद्वारा आत्माराम शर्मा पुडासैनिले डाक्टर अङ्कललाई प्रतिनिधि प्रात्र बनाएर कथाकारले हामीलाई कर्म नै ईश्वर हो कर्मले नै मान्छेलाई महान् बनाउछ सधै उच्च विचार लिएर चन्द्रमा छुने लक्ष्य राख्दै मान्छे सफलताको शिखरमा पुग्छ भन्ने कुरा यस कथामा कथाकारले देखाउन खोजेका छन् ।

यस कथामा प्रयोग गरेका शब्दहरूलाई शब्दस्रोतका आधारमा अध्ययन गर्दा तत्सम शब्दहरूको प्रयोग भएको पाइन्छ । यस कथामा प्रयोग भएका तत्सम शब्दहरूलाई तालिकामा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**तालिका संख्या ४.६: 'डाक्टर अङ्कल ' कथामा प्रयुक्त तत्सम शब्दहरू**

| क.सं. | तत्सम शब्द | शब्द वर्ग | बनोट प्रकिया | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | अञ्चल | नाम | मूल शब्द | क्षेत्र प्रदेश वा भाग | १०१ |
| २ | अति | कियायोगी | अत्+इ | बढ्ता ज्यादा असाध्य | १०० |
| ३ | अनुभव | नाम | अनु+भव | देखेर वा भोगेर आर्जन गरिने ज्ञान, पढेर होइन परेर जानिने कुरा भोगाई । | १०१ |
| ४ | अनुशासित | विशेषण | अनु+शास+इत | अनुशासनमा रहेको निर्धारित आचार तथा | १०२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | व्यवहारको पालना गर्ने नियममा रहेको | |
| ५ | अवसर | नाम | अव+सर | कुनै काम गर्नका लागि अनुकुल मौका, संयोग | १०२ |
| ६ | अवस्था | नाम | अव+स्था | कुनै कार्य  घटना आदिको स्थिति | ९९ |
| ७ | अशिक्षा | नाम | अ+शिक्षा | शिक्षा नभएको स्थिति | १०० |
| ८ | अक्षर | नाम | अ+क्षर | रुप भन्दा सानो र ध्वनिभन्दा ठूलो ध्वन्यात्मक एकाई । | १०१ |
| ९ | आधार | नाम | आ+धार | कुनै वस्तु अड्ने वा रहने ठाँउ जग टेको | १०० |
| १० | आश्चर्य | नाम | आश्+चर्य | कुनै नयाँ अनौठो कुरा देख्दा लाग्ने अचम्म उदेक लाग्दो अनौठो | १०० |
| ११ | उत्कृष्ट | विशेषण | उत्+कृष्ट | सब भन्दा राम्रो श्रेष्ठ उत्तम असल | १०२ |
| १२ | उतीर्ण | विशेषण | उत्+तीर्ण | जाँच दिएर पास भएको पार लागेको सफल । | १०२ |
| १३ | एक | नाम | मूल शब्द | पूर्ण राशिको सङख्या कमका हिसाबले पहिलो सङ्ख्या १ को अङ्क । | १०२ |
| १४ | कथा | नाम | कथ्+आ | घटना वा आख्यान भएको रचना कहानी  । | १०२ |
| १५ | कमल | नाम | क+मल | पोखरीमा हुने रातो, सेतो, पहेलो आदि विभिन्न रङमा फुल्ने फुल । | ९९ |
| १६ | कर | नाम | मूल शब्द | कसैलाई इच्छाका विरुद्ध दबाबमा पारी कुनै कुरा गर्न गराउन वा हुन वाध्य तुल्याउने किया प्रकिया । | ९९ |
| १७ | कष्टकर | विशेषण | कष्ट+कर | कष्ट हुने कष्टदायी, दुखदायी सङ्कटपूर्ण । | १०० |
| १८ | कक्षा | नाम | मूल शब्द | दर्जाश्रेणी स्थान । | १०१ |
| १९ | कारण | नाम | कृ + अन | प्रभाव वा परिणाम उत्पन्न गर्ने कुनै पनि मूल तत्व वा परिणाम उत्पन्न गर्ने । | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | गुरु | नाम | मूल शब्द | पठाउने व्यक्ति, शिक्षक अध्यापक । | १०१ |
| २१ | गौरव | नाम | गौ+रव | महिमा महत्व गुरुत्व । | १०३ |
| २२ | चलन | नाम | चल्+अन | चलि आएको स्थिति, चाल चलन । | १०० |
| २३ | छात्रवृत्ति | नाम | छात्र+वृत्ति | अध्ययनमा सजिलोका लागि छात्रछात्राहरु लाई दिइने वृत्ति वा निर्वाह भत्ता । | १०२ |
| २४ | ज्ञानी | विशेषण | ज्ञान+ई | चकचक नगर्ने भनेको मान्ने, भलाद्मी भएर बस्ने । | १०१ |
| २५ | दस | नाम | मूल शब्द | नौ भन्दा पछि आउने सङख्या । | १०० |
| २६ | दिन | नाम | दिन+इन | दिउँसोको समय । | ९९ |
| २७ | दःख | विशेषण | दुर+ख | शारीरिक वा मानसिक रुपमा हुने पिडा क्लेश | १०१ |
| २८ | दुतावास | नाम | दुत्+आवास | राजदुतको वासस्थान । | |
| २९ | दुर्दशा | नाम | दुर्+दशा | आपतविपत् परेको अवस्था दुर्गति | १०० |
| ३० | नाम | नाम | मूल शब्द | कुनै व्यक्ति स्थान आदिलाई चिनाउने वा पहिचान दिने शब्द नाउँ । | ९९ |
| ३१ | नेपाल | नाम | ने+पाल | दक्षिण यसियामा पर्ने हिमालको दक्षिण भागमा अवस्थित | ९९ |
| ३२ | नेपाली | नाम | नेपाल+ई | नेपालका बासिन्दा नेपालका नागरिक | १०१ |
| ३३ | परदेश | नाम | पर+देश | अर्काको देश विदेश | १०० |
| ३४ | परिवार | नाम | परि+वार | रगत वीर्य, नाता, घर, अनुकुलता र वैवाहिक सम्बन्धले संयुक्त भएका मानिसको समुह । | १०० |
| ३५ | पश्चिम | विशेषण | पश्च+इम | सूर्य तारा आदि अस्ताउने दिशा । | ९९ |
| ३६ | प्रवेशिका | नाम | प्रवेश+इका | विद्यालय शिक्षाको अन्तिम तह, उच्च शिक्षाको | १०२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रवेश गर्नका लागि विद्यालय शिक्षाको अन्तिम तह । | |
| ३७ | प्रथम | विशेषण | प्रथ+म | गन्ती गर्दा पहिलो । | १०२ |
| ३८ | प्रश्न | नाम | मूल शब्द | जान्ने इच्छाले  कसैलाई केही सोध्ने काम, आफ्नो उत्सुकता शान्त पार्न गरिने सवाल सोधाइ । | १०१ |
| ३९ | प्रस्ताव | नाम | प्र+स्तु | कुनै सभा गोष्ठी आदिमा छलफलका लागि प्रस्तुत गरिने विषय । | ९९ |
| ४० | बादल | नाम | बा+दल | घामको तापले पानी सोसिदाँ बनेको बाफको मुस्लो । | ९९ |
| ४१ | बुद्धि | नाम | बुद्ध+इ | बुझ्न सोचविचार गर्ने तथा निर्णय गर्न सक्ने मानसिक शक्ति । | १०० |
| ४२ | भविष्य | नाम | भू+इ+स्य | वर्तमान भन्दा पछिको समय भविष्यको काल | १०१ |
| ४३ | माया | नाम | मूल शब्द | आफू भन्दा सानाप्रति गरिने स्नेह । | १०० |
| ४४ | मार्मिक | विशेषण | मर्म+इक | मर्मलाई छुने हृदयलाई प्रभावित पार्ने मर्मस्पर्शी । | १०२ |
| ४५ | मुख | नाम | मूल शब्द | प्राणीहरुको खाना र बोल्नको लागि उपयोगी अङ्ग । | १०१ |
| ४६ | मुटु | नाम | मूल शब्द | छातीको देब्रेपट्टि भित्र रहने रक्तसञ्चारको मूल अङ्ग, दृदय । | १०० |
| ४७ | मृत्यु | नाम | मृज्+ल्युट | देवहावसन, निधन, मरण । | १०० |
| ४८ | युवा | नाम | मूल शब्द | जवान, युवक,तन्नेरी । | ९९ |
| ४९ | रुप | नाम | मूल शब्द | आँखाले थाहा पाइने कुनै व्यक्ति वा वस्तुको आकार र रङ वा वर्ण अनुहार, चेहरा । | १०१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५० | रुचि | नाम | रुच+ई | खाने इच्छा, स्वाद भोक | १०२ |
| ५१ | लगनशील | विशेषण | लगन+शील | लगन भएको,इलममा राम्ररी लागेको । | १०२ |
| ५२ | वर्णन | नाम | वर्ण+अन | कुनै वस्तु वा विषयको बारेमा विस्तार सहित कथन । | १०१ |
| ५३ | वर्तमान | विशेषण | वृत+मान | अहिले भइरहेको वा चलिरहेको अहिलेको समसामयिक । | १०१ |
| ५४ | वर्ष | नाम | मूल शब्द | १२ महिनाको समय वा सो अवधि ३६५ दिनको समयावधि । | १०२ |
| ५५ | विगत | विशेषण | वि+गत | गएको वितेको ,गत | १०१ |
| ५६ | विचार | नाम | वि+चार | कुनै विषय समस्या आदिका बारेमा सोचिएको कुरो । | १०१ |
| ५७ | विदुर | नाम | वि+दुर | महाभारतका एक प्रसिद्ध पात्र । | ९९ |
| ५८ | विदेश | नाम | वि+देश | आफ्नो मुलुक भन्दा भिन्न मुलुक । | १०२ |
| ५९ | विद्यार्थी | नाम | विद्या+अर्थी | विद्याको चाहना राख्ने व्यक्ति । | १०१ |
| ६० | विद्यालय | नाम | विद्या+आलय | विद्यार्थीलाई पढाउने सुविधा भएको । | १०२ |
| ६१ | विवाह | नाम | वि+वह | पुरुष र स्त्रीका बीच पति र पत्नीको सम्बन्ध गास्ने धार्मिक कार्य वा त्यस्तो सामाजिक सस्कार विहा विहे । | १०२ |
| ६२ | विषय | नाम | वि+सय | त्यस्तो कुरा जसको बारेमा बयान गरिन्छ छलफल गरिन्छ लेखिन्छ वा पढिन्छ । | १०२ |
| ६३ | विज्ञान | नाम | वि+ज्ञान | भौतिक विषयको तइभ्व, शिद्धान्त आदिको प्रयोगात्मक विवेचना गरिएको शास्त्र । | १०० |
| ६४ | व्यक्ति | नाम | वि+अञ्ज+ति | पृथक मान्छे भिन्न मान्छे । | १०१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६५ | व्यापारी | नाम | व्यापार+ई | व्यापार गर्ने व्यक्ति, विक्रेता । | १०१ |
| ६६ | शिक्षक | विशेषण | लगन+शील | शिक्षा दिने वा विद्यालयमा पढाउने व्यक्ति | १०१ |
| ६७ | शीर्षक | नाम | शिक्ष+अक | लेख, रचना, ग्रन्थ आदिको नाम । | १०२ |
| ६८ | श्रेणी | विशेषण | शीर्ष+क | कुनै वस्तुको एकभन्दा बढीको क्रम लहर शृङ्खला वा ताँती । | १०१ |
| ६९ | संसार | नाम | सम+सार | पृथ्वीको सम्पूर्ण भूभाग विश्व दुनियाँ । | १०३ |
| ७० | सन्तान | नाम | सम्+तान | छोराछोरी नाति नातिना आदि । | १०० |
| ७१ | समय | नाम | मूल शब्द | मिनेट, घण्टा, दिन , रात, हप्ता, महिना वर्ष युग आदिलाई जनाउने शब्द काल । | १०० |
| ७२ | समस्या | नाम | मूल शब्द | समाधान गर्न गाह्रो कुनै जटिल कुरो । | १०० |
| ७३ | सम्पूर्ण | विशेषण | सम्+पूर्ण | सबै भएभरको  जम्मा सारा । | १०० |
| ७४ | सहन | नाम | सह+अन | सहने काम वा प्रक्रिया । | १०१ |
| ७५ | सहमति | नाम | सह+मति | सल्लाहमा सहमत हुँदाको स्थिति । | १०० |
| ७६ | सहयोग | नाम | सह+योग | परम्परामा एक अर्कालाई गरिने मदत पारम्परिक सहायता । | १०२ |
| ७७ | सहयोगी | | सहयोग+ई | कसैलाई मदत गर्ने व्यक्ति सहायता गर्ने व्यक्ति । | १०१ |
| ७८ | सान्तवना | नाम | सान्त्व+ना | कसैलाई शोक पर्दा वा हानि हुँदा सम्झाउने तथा बुझाउने काम । | १०२ |
| ७९ | सुनिता | नाम | सु+निता | राम्रो सँग हिडाउन सक्ने व्यक्ति | ९९ |
| ८० | सीतापुर | नाम | सीता+पुर | सीताको वस्ती | ९९ |

कथाकार आत्माराम शर्मा पुडासैनी द्वारा लिखित कथा 'डाक्टर अङ्कल' मा जम्मा ११९१ वटा शब्दहरूको प्रयोग भएको छ । जसमध्ये १६५ वटा शब्दहरू तत्सम शब्द रहेका छन् । प्रतिशतका दृष्टिले १३.८५ प्रतिशत तत्सम शब्दहरूको प्रयोग यस कथामा भएको पाइयो । "डाक्टर अङ्कल" कथामा आवृत्ति भएका शब्दहरूलाई तालिकामा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

**तालिका संख्या ४.७ शब्द आवृत्ति**

| **शब्द** | **आवृत्ति** | **शब्द** | **आवृत्ति** |
|---|---|---|---|
| अनुभव | २ | वर्तमान | २ |
| एक | ६ | वर्ष | ३ |
| कथा | ७ | विचार | ५ |
| कलम | ८ | विदेश | ३ |
| कक्षा | २ | विद्यार्थी | २ |
| कारण | ३ | विद्यालय | ९ |
| गुरु | ८ | विज्ञान | २ |
| दस | ३ | शीर्षक | २ |
| दिन | ९ | समय | ३ |
| दुःख | ५ | समस्या | ४ |
| नेपाल | २ | सहयोगी | २ |
| प्रश्न | ४ | सुनिता | ७ |
| माया | ६ | सितापुर | ४ |
| मुख | २ | | |

'डाक्टर अङ्कल' कथामा २६ वटा शब्द आवृत्ति भएको पाइन्छ । सबै भन्दा बढी दिन र विद्यालय शब्द , विद्यालय शब्द ९-९ पटक आवृत्ति आएको पाइन्छ भने सबै भन्दा कम हुने आवृत्ति हुने

शब्दहरु अनुभव, कक्षा, नेपाल, मुख, वर्तमान, विद्यार्थी, विज्ञान, शीर्षक र सहयोगी शब्दहरू २ पटक मात्र आवृत्ति भएको पाइन्छ ।

### ४.१.४. बन्धनबाट मुक्ति कथामा प्रयुक्त तत्सम शब्दहरू :-

कथाकार राजेन्द्र विमल सामाजिक यथार्थवादी कथाकारको रूपमा देखा परेता पनि आञ्चलिक कथाकारको रूपमा समेत परिचित सफल कथाकार हुन् । राजेन्द्र विमलद्वारा बन्धनबाट मुक्ति कथाको रचना भएको छ । यिनको कथा सङग्रहहरू, राजेन्द्र विमलका कथाहरू २०६२ , समयका आँखा २०६९ लङ्काकाण्ड आदि कथा लेखेका छन् ।

यस कथामा प्रयोग गरिएका शब्दस्रोतका आधारमा हेर्दा तत्सम र तत्भव शब्दको बढी प्रयोग भएको पाइन्छ । यस कथामा प्रयोग भएको तत्सम शब्दहरूलाई तालिकामा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

**तालिका संख्या ४.८ : बन्धनबाट मुक्ति कथामा प्रयुक्त तत्सम शब्दहरू**

| क.सं. | तत्सम शब्द | शब्द बर्ग | बनोट प्रक्रिया | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | अट्टहाँस | नाम | अट्ट्+हाँस | खित्का छोडेर हाँस्ने काम । | १५० |
| २ | अनुभव | नाम | अनु+भव | देखेर वा भोगेर आर्जन गरिने ज्ञान पढेर होइन परेर जानिने कुरा भोगाई । | १५१ |
| ३ | अनुभूति | नाम | अनु+भूति | इन्द्रियबाट ग्रहण हुने संवेदना, अनुभव महसुस | १५३ |
| ४ | अनुरोध | नाम | अनु+रोध | कुनै कामका लागि कसैसँग आग्रह विनम्र साथ गरिने निवेदन बिन्ती । | १५३ |
| ५ | अनेक | विशेषण | अन्+एक | एक भन्दा बढी धेरै थुप्रै । | १५० |
| ६ | अन्तिम | विशेषण | अन्त+इम | सबभन्दा पछिल्लो, पुछारको, आखिरको, अन्त्यको । | १५३ |
| ७ | अन्त्य | नाम | अन्त्+य | आखिर पुछार, पछिल्लो, छेउ । | १५० |
| ८ | अपाच्य | विशेषण | अ + पाच्य | नपच्ने, सहन नसक्ने । | १५३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | अप्रत्याशित | विशेषण | अ+प्रत्याशित | आशा वा अपेक्षा नगरिएको, नसोचिएको । | १५३ |
| १० | अन्याय | नाम | अ+न्याय | नीति तथा नियम बिरुद्ध गरिने काम । | १५२ |
| ११ | अवस्था | नाम | अव+स्था | कुनै कार्य घटना आदिको स्थिति । | १५२ |
| १२ | अशक्त | विशेषण | अ+शक्+त | शारिरिक वा मानसिक शक्ति नभएको असमर्थ, सामर्थ्यहीन सशक्त । | १५४ |
| १३ | असमय | नाम | अ+समय | कुबेला वा बेमौका । | १५१ |
| १४ | असहाय | विशेषण | अ+सहाय | सहायता नपाएको, कसैले साथ नदिएको कोही सहयोगी वा मदतगार नभएको । | १५१ |
| १५ | आत्मा | नाम | आत्म + आ | शरिरलाई जीवित राख्ने विश्वास गरिएको अदृश्य मूल तत्व । | १५२ |
| १६ | आयोजना | नाम | आयो +जना | कुनै काम पुरा गर्नको निम्ति पहिलेदेखि गरिएको प्रबन्ध इन्तजाम बन्दोबस्त । | १५२ |
| १७ | आवश्यकता | नाम | आवश्यक+ता | आवश्यक भएको स्थिति जरुरत खाँचो | १५२ |
| १८ | आर्शिवाद | नाम | आशिस्+वाद | मान्यजनले सानालाई दिने आशिष, शुभ कामना सहितको बचन आशिक । | १५१ |
| १९ | इच्छा | नाम | मूल शब्द | कुनै कुराको प्राप्तिका लागी मनमा उठ्ने चाहना आशा | १५० |
| २० | इष्टमित्र | नाम | इष्ट+वाद | हित चाहने व्यक्ति हितैषी मित्र । | १५० |
| २१ | ईश्वर | नाम | इश् + वरच | सम्पूर्ण विश्व ब्रहमाण्ड वा सृष्टिलाई बनाउने । | १५० |
| २२ | उच्च | नाम | मूल शब्द | उचाई भएको अग्लो, उचो । | १५० |
| २३ | उपचार | नाम | उप+चार | कुनै रोगबाट छुटकाराका निम्ती गरिने उपाय ओखतीमुलो इलाज । | १५० |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | एक | नाम | मूल शब्द | पूर्ण राशिमा सङ्ख्या कमका हिसाबले पहिले सङ्ख्या १ को अंक | १५१ |
| २५ | एकादशी | नाम | एकादश+ई | प्रत्येक शुक्ल र कृष्ण पक्षको एघारौँ तिथि । | १५१ |
| २६ | कर्म | नाम | कर् + म | व्यक्तिले गर्ने कुनै काम कार्य वा गतिविधी | १५१ |
| २७ | कुशासन | नाम | कु+शासन | कानुन बमोजिम नचलेको प्रशासन खराब शासन अव्यवस्था । | १५१ |
| २८ | कुसङ्गत | नाम | कु+सङ्त | खराब संगत, खराब व्यक्तिको हेलमेल | १५० |
| २९ | कोष | नाम | | धनमाल, अन्न आदिको भण्डार ढुकुटी खजाना कोश | १५१ |
| ३० | गणित | नाम | गण्+इत | गणना वा हिसाब सँग सम्बनिधत शास्त्र जोड, घटाउ, गुणन, भाग सँग सम्बन्धित शास्त्र अंक गणित | १५० |
| ३१ | गुरुता | नाम | ग्रु+ता | गुरु हुँदाको स्थिती गुरुमा हुने गुण | १५१ |
| ३२ | गोष्ठी | नम | गोष्ठ+ई | विषयका व्यक्ति वा विद्वानहरुको भेला भई गरिने छलफल वा विचार विमर्श । | १५१ |
| ३३ | ग्रहण | नाम | ग्रह+अन | लिने काम, स्विकार । | १५३ |
| ३४ | चित्त | नाम | चित् + त | मन दृश्य | १५० |
| ३५ | छात्रवृत्ति | नाम | छात्र+वृति | अध्ययनमा सजिलोका लागी दिइने वृत्ति वा निर्वाहा भत्ता | १५० |
| ३६ | जन्म | नाम | जन्+म | निश्चित अवधि पुरा भए पछि आमाको कोखबाट बच्चा निस्कने क्रिया प्रसव पैदा | १५२ |
| ३७ | जन्मस्थान | नाम | जन्म+स्थान | जन्म भएको ठाउँ जन्मेको थलो जन्मभूमि । | १५४ |
| ३८ | ज्वाला | नाम | ज्वल+ आ | आगोको लप्को मुस्लो | १५२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९ | दान | नाम | दा+न | आफू सँग भएको चिज अरूलाई दिने काम | १५१ |
| ४० | दायित्व | नाम | दायि+त्व | कसैमा आइ पर्ने कुनै कामको जिम्मेवारी, जवाफदेही उत्तरदायित्व । | १५१ |
| ४१ | दिन | नाम | मूल शब्द | दिउँसोको समय | १५१ |
| ४२ | दुर्गति | नाम | दुर+ गति | खराब अवस्था, दुर्दशा, दुःखस्था बेहाल | १५३ |
| ४३ | दुतावास | नाम | दुता + वास | कुनैदेशमा अन्य राजदुत बाणिज्यदुत आदि अधिकारहिर रहने ठाउँ । | १५० |
| ४४ | देवघाट | नाम | देव+घाट | तनहुँ जिल्लाको दक्षिणतिर रहेको त्रिशुली र कालगिण्डकी नदीको सङ्गमस्थल । | १५४ |
| ४५ | निर्जीव | विशेषता | निर् +जीव | जीव वा प्राण नभएको, मरेको, मृत | १५१ |
| ४६ | निर्णय | नाम | निर्+ नय | पक्षविपक्षका जिकिरलाई प्रमाणका आधारमा छानविन गरी सत्यपक्षको विजयवारे गरिएको टुङ्गो, फैसला । | १५१ |
| ४७ | नित्य | क्रियायोगी | नि+त्य | अटुट रुपमा निरन्तर साधै प्रतिदिन | १५३ |
| ४८ | निदान | नाम | नि+दान | कुनै कार्य घटना आदिको मुख्य कारण । | १५० |
| ४९ | नियम | नाम | नि+यम | व्यक्ति समाज सँस्था आदिका गतिविधिलाई ठिकसँग सञ्चालन र व्यवस्थित गर्न बनाइएको नीति सिद्धान्त । | १५० |
| ५० | पञ्चदान | विशेषण | पञ्च + दान | पाँच वस्तुको दान । | १५१ |
| ५१ | पद | नाम | पद् + अ | योग्यता क्षमता आदिका आधारमा कसैलाई कामका लागी दिइने दर्जा पदवी | १५१ |
| ५२ | पति | नाम | मूल शब्द | विवाहित महिलाको लोग्ने | १५० |
| ५३ | पत्नी | नाम | पत्+नी | कसैको विवाहित स्त्री | १५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५४ | परदेशी | विशेषण | परदेश+ई | परदेशमा बस्ने | १५२ |
| ५५ | परिधान | नाम | परि+धान | मानिसको लुगा बस्त्र | १५४ |
| ५६ | परिवार | नाम | परि+वार | एउटै घरमा बसी एकै भान्सामा खाने एकै बाबुआमाका सन्तान, जहान | १५३ |
| ५७ | पर्व | नाम | पर् + व | कुनै महिनाको तिथी गते वा बारमा पर्ने शुभ दिन, उत्सव, चाड | १५२ |
| ५८ | पीडित | विशेषण | पीडा + इत | दुःख दिइएको वा दुःख पाएको | १५० |
| ५९ | पूर्व | नाम | मूल शब्द | सूर्य चन्द्रमा आदि उदाउने दिशा | १५२ |
| ६० | प्रकट | विशेषण | प्र+कट | बाहिर देखिएको वा निस्केका प्रत्यक्ष उत्पन्न | १५१ |
| ६१ | प्रवचन | नाम | प्र+वचन | कुनै विषयमा श्रोतहरुले राम्ररी बुझ्ने गरी प्रभावकारी ढङ्गबाट बोल्ने वा भन्ने क्रिया । | १५४ |
| ६२ | प्रश्न | नाम | मूल शब्द | जान्ने इच्छाले कसेलाई केही सोध्ने काम आफ्नो उत्सुकता शान्त पार्न गरिने सवाल । | १५१ |
| ६३ | प्रसिद्ध | विशेषण | प्र+सिद्ध | सबैले जाने सुनेको नाम चलेको | १५४ |
| ६४ | प्रस्ताव | नम | प्र+स्तु | कुनै सभा गोष्ठी आदिमा छलफलका लागी प्रस्तुत गरिने विषय । | १५३ |
| ६५ | प्रिय | विशेषण | प्री+य | मन पर्ने प्यारो मायालाग्दो, स्नेही | १५० |
| ६६ | बन्धन | नाम | बन्ध+अन | बाँध्ने काम वा प्रक्रिया | १५४ |
| ६७ | बोध | नाम | बुध + अ | सुनेर पहेर हेरेर कुनै कुरा बुझ्ने काम वा त्यस्तो क्षमता | १५१ |
| ६८ | भक्त | नाम | भज्+त | ईश्वरप्रति आस्था राख्ने व्यक्ति इश्वरको भक्ति गर्ने मानिस | १५४ |
| ६९ | भङ्ग | नाम | भञ्ज+ अ | भाँचिने टुक्रने, भत्कने वा तितरवितर हुने | १५१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | काम | |
| ७० | भजन | नाम | भज्+अन | देवी देवताको महिमा गाउने काम | १५४ |
| ७१ | भव्य | विशेषण | भू+य | आकर्षक, सुन्दर, उत्तम | १५२ |
| ७२ | भाव | नाम | भु + अ | कुनै कथन रचना आदिको मुख्य अभिप्राय तात्पर्य | १५१ |
| ७३ | भोज | नाम | मूल शब्द | मान्छेलाई सुवाउने काम वा त्यस्तो अवसर | १५१ |
| ७४ | मन | नाम | मूल शब्द | आँखा, कान, आदि ज्ञानेन्दियका माध्यमले कुनै कुरा बुझ्ने तथा सम्झने अदुश्य तत्व | १५१ |
| ७५ | मधुर | विशेषण | म + धुर | मिठो गुलियो मधुमय | १५४ |
| ७६ | मधुरानन्द | नाम | मधुर+ आनन्द | मीठो किसिमको आनन्द । | १५४ |
| ७७ | महापात्र | नाम | महा+पात्र | धेरै सामान अट्ने ठुलो भाँडो , महान पात्र | १५१ |
| ७८ | महाभारत | विशेषण | महा+भारत | त्यासद्धारा रचना गरिएको १८ पर्वमा विभाजित | १५३ |
| ७९ | मुक्त | नाम | मुच्+त | कसैको अधिन वा बन्धनबाट छुटेको, फुक्का स्वतन्त्र | १५४ |
| ८० | मुटु | नाम | मूल शब्द | छातीको देब्रेपट्टि भित्र रहने रक्त सञ्चारको मूल अङ्ग हृदय । | १५० |
| ८१ | मुण्डन | नाम | मण्ड+अन | कपाल खौरने काम । | १५१ |
| ८२ | मौन | नाम | मुनि + अ | नबोल्ने वा चुप लाग्ने काम चुप, चुपचाप । | १५१ |
| ८३ | मृत | विशेषण | मृ+त | प्राण गएको मृत्यु भएको मरेको | १५० |
| ८४ | मृत्यु | नाम | मृत् + यु | मर्ने क्रिया मरण, निधन । | १५० |
| ८५ | याचक | नाम | याच्+अक | मागेर जीवीका चलाउने व्यक्ति, माग्ने | १५१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मानिस । | |
| ८६ | युवक | नाम | युव+क | किशोर अवस्था पार गरेको प्रौढ अवस्था नपुगेको पुरुष | १५२ |
| ८७ | रक्तचाप | नाम | रक्त+चाप | शरीरमा रगतको सञ्चारमा हुने दबाब, रक्त सञ्चारको तीव्रता | १५० |
| ८८ | रङ्गढङ्ग | नाम | रङ्ग+ढङ्ग | कुनै कामको ढाँचाकाँचा चालढाल तौर तरिका | १५३ |
| ८९ | राग | नाम | मूल शब्द | शरीरमा घसिने चन्दन, बेसार लेप | १५१ |
| ९० | राजमार्ग | नाम | राज्य+मार्ग | देशको मुख्य सडक वा मार्ग मूल सडक राजपथ, लोकमार्ग | १५२ |
| ९१ | रोग | नाम | मूल शब्द | शरीरमा हुने अस्वस्थता विमार | १५० |
| ९२ | वर्तमान | विशेषण | वृत+मान | अहिले भइरहेको वा चलिरहेको समसामयिक | १५१ |
| ९३ | वरण | नाम | व्र + वन | कुनै मङ्गल कार्य गर्दा जजमानले पुरोहितलाई आसन, वस्त्र आदि लिइ टिका लगाउने काम । | १५३ |
| ९४ | वात्सल्य | नाम | वत्सल+य | सानाप्रति ठुलावडाको स्नेह वा ममता आमाबाबुले सन्तानप्रति दर्साउने माया । | १५२ |
| ९५ | विचार | नाम | वि+चार | कुनै विषयमा, समस्या आदिको बारेमा दर्साउने माया । | १५२ |
| ९६ | विधुर | नाम | वि+धिुर | पत्नि मरेको पुरुष राँडो | १५० |
| ९७ | विवश | विशेषण | वि+वश | इच्छा भएपनि केही गर्न नसक्ने केही गर्न नसक्ने, बाध्यता परेको लाचार | १५४ |
| ९८ | विवाह | नाम | वि+वह | पुरुष र स्त्रीका बीच पति पत्नीको सम्बन्ध गास्ने धार्मिक कार्य वा त्यस्तो सामाजिक | १५३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | संस्कार, बिहा बिहे । | |
| ९९ | विद्धाश्रम | नाम | विद्धा +श्रम | बसोबास र खानपानको समेत प्रबन्ध भएको विद्यालय, गुरुकुल । | |
| १०० | व्यञ्जन | नाम | वि+अञ्ज+अन | भोजनलाई स्वादिष्ट बनाउने तरकारी दाल अचार आदि । | १५२ |
| १०१ | व्यथा | नाम | व्यथ्+आ | शरीर वा मनमा हुने पीडा चिन्ता पिर | १५० |
| १०२ | व्यवस्थापन | नाम | व्यवस्था+अन | कुनै गतिविधिको चाँजोपाँजो तथा व्यवस्था मिलाउने काम । | १५० |
| १०३ | शरीर | नाम | मूल शब्द | अङ्ग प्रत्याङ्ग मिलेर बनेको प्राणीको आकृति | १५० |
| १०४ | शिक्षक | नाम | शिक्ष+अक | शिक्षा दिने व्यक्ति पढाउने मानिस | १५० |
| १०५ | शिष्य | नाम | शास्+य | विधार्थी छात्र | १५० |
| १०६ | शुद्धशन्ति | नाम | शद्ध+शान्ति | जुठो वा सुतक सकिने बेलामा गरिने कर्म | १५० |
| १०७ | शुभेच्छुक | नाम | शुभ+इच्छा | शुभेच्छु | १५० |
| १०८ | संसार | नाम | सम्+सार | पृथ्वीको सम्पूर्ण, भूभाग, विश्व, दुनियाँ | १५४ |
| १०९ | सञ्चय | नाम | सम् + चय | जम्मा गर्ने काम, बटुल्ने काम । | १५१ |
| ११० | सञ्चयकोष | नाम | सञ्चय+कोष | कर्मचारीको मानसिक तलबबाट केही अंश कट्टा गरी जम्मा गरिएको कोष । | १५१ |
| १११ | श्राद्ध | नाम | श्रद्धया+ दियतेइति | बाबुआमा पुर्खा आफन्त आदि मरेको तिथिमा उनीहरुको सम्झनामा गरिने कार्य | १५१ |
| ११२ | श्रीमती | विशेषण | श्री+मत्+ई | विवाहित महिलाको नाम अगाडि आउने सम्मानबोधक शब्द | १५० |
| ११३ | सत्य | विशेषण | सत्+य | जस्तो छ त्यस्तो साँचो, सन्देह नभएको | १५४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | यथार्थ | |
| ११४ | सन्तान | नाम | सम्+तान | छोराछोरी नाति नातिना आदि सन्तति | १५४ |
| ११५ | सन्यास | नाम | सम्+न्यास | हिन्दुहरुको वर्णश्रम धर्मक चौथो आश्रम | १५३ |
| ११६ | सन्यासी | विशेषण | सन्यास+ई | सन्यास धर्म लिएको संसारिक जीवनबाट विरक्त भई घरबार त्यागेको । | १५३ |
| ११७ | सपरिवार | विशेषण | स+परिवार | परिवार सहितको जवान वा केटाकेटी समेतको । | १५० |
| ११८ | समय | नाम | मूल शब्द | मिनेट, घण्टा,दिन, रात, हप्ता, महिना, वर्ष, युग आदिलाई जनाउने शब्द, काल | १५० |
| ११९ | समाचार | नाम | सम्+चार | कुनै घटना  गतिविधि आदिसँग सम्बन्धित नयाँ कुरो, खबर । | १५० |
| १२० | सम्पत्ति | नाम | सम्+पति | कसैको निजी अधिकारमा रहेको चल वा अचल धन, धनदौलत । | १५३ |
| १२१ | सम्पन्न | विशेषण | सम्+पन्न | चहिदो मात्रामा धनधान्यादी भएको ,समृद्ध । | १५१ |
| १२२ | सम्मिलित | विशेषण | सम्+मिलित | मिलेको मिसिएको घुलमिल भएको । | १५१ |
| १२३ | सहन | नाम | सह+अन | सहने काम वा प्रक्रिया । | १५२ |
| १२४ | सुख | नाम | मूल शब्द | मनमा हुने आनन्द मनको शान्ति । | १५१ |
| १२५ | सुगन्ध | नाम | सु+गन्ध | मिठो वास्ना मन पर्ने गन्ध । | १५२ |
| १२६ | सुमधुर | विशेषण | सु+मधुर | सुन्दा मिठो बोली । | १५३ |
| १२७ | सूर्यनाथ | नाम | सूर्य +नाथ | सूर्यको पनि मालिक । | १५० |
| १२८ | सेवन | नाम | सेव्+अन | सेवा गर्ने काम चाकरी । | १५० |
| १२९ | शौचालय | विशेषण | शौच+आलय | दिसापिसाप गर्ने ठाउँ, पाइखाना, चर्पी, | १५२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | हगनगौंडी । | |
| १३० | स्पर्शी | विशेषण | स्पर्श+ई | स्पर्श सम्वन्धि । | १५४ |
| १३१ | स्मृति | नाम | स्मृ+ति | सम्झना स्मरण हेक्का । | १५३ |
| १३२ | स्वभाव | नाम | स्व+भाव | आफ्नोपन, निजीपन, निजत्व । | १५० |
| १३३ | स्वयम् | सर्वनाम | मूल शब्द | आफू आफै । | १५० |
| १३४ | स्वर | नाम | मूल शब्द | व्यक्त वा अव्यक्त आवाज | १५४ |
| १३५ | हृदय | नाम | हृत्+अय | प्राय सबै प्राणीको शरीरमा छातिभित्र बायाँतिर हुने स्पन्दनद्वारा शरीरभरिका नाडीहरुमा शुद्ध रगत फिँजाउने मांसकोश मुटु । | १५४ |

कथाकार राजेन्द्र विमलद्वारा लिखित कथा 'बन्धनबाट मुक्ति' मा जम्मा ११९५ शब्दहरूको प्रयोग भएको छ जसमध्ये १८० वटा शब्दहरू तत्सम शब्द रहेका छन् । प्रतिशतका दृष्टिले १५.०६ प्रतिशत तत्सम शब्दहरूको प्रयोग यस कथामा भएको पाइयो । 'बन्धनबाट मुक्ति ' कथामा आवृत्ति भएका शब्दहरूलाई तालिकामा निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

**तालिका संख्या ४.९ : 'बन्धनबाट मुक्ति' कथामा आवृत्ति भएका शब्दहरू**

| **शब्द** | **आवृत्ति** | **शब्द** | **आवृत्ति** |
|---|---|---|---|
| असमय | २ | भोज | ५ |
| उपचार | ३ | मन | ३ |
| एक | ४ | युवक | २ |
| कर्म | ३ | शुद्धशान्ति | २ |
| चित्त | २ | संसार | ४ |
| दिन | ४ | सञ्चयकोष | २ |

| | | | |
|---|---|---|---|
| देवघाट | २ | श्रीमती | ५ |
| प्रस्ताव | ५ | सपरिवार | ३ |
| बन्धन | २ | समय | ६ |
| बोध | २ | ह्रदय | २ |
| भजन | ३ | | |

“बन्धनबाट मुक्ति” कथामा २१ वटा तत्सम शब्दहरू आवृत्ति भएको पाइन्छ । जसमध्ये समय शब्द ६ पटक सबैभन्दा बढी आवृत्ति भएको देखिन्छ भने असमय,चित्त,देवघाट,बन्धन, युवक, बोध, शुद्धशान्ति, सञ्चयकोष र हृदय शब्दहरू सबैभन्दा कम २ पटक मात्र आवृत्ति भएको पाइन्छ ।

**४.२. छलफल/व्याख्या**

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेका ४ ओटा कथामा भएका तत्सम शब्दहरूको अध्ययन गर्दा विभिन्न कथामा विभिन्न किसिमका तत्सम शब्दको प्रयोग प्रशङ्ग अनुसार सान्दर्भिक र उचित भएको पाइयो । ती कथाहरूमा तत्सम शब्दहरूको प्रयोगको अवस्था समय सन्दर्भ अनुसार उचित रहेको पाइन्छ ।

उक्त पाठ्यपुस्तकमा रहेका चार ओटा कथाहरू मध्ये पहिलो‘अनारको बोट ’ कथामा जम्मा १४०९ ओटा शब्दहरूको प्रयोग गरिएकोमा १५२ ओटा तत्सम शब्दको प्रयोग भएको पाइन्छ । प्रतिशतका हिसाबले १०.७८ प्रतिशत तत्सम शब्द प्रयोग भएको पाइन्छ । तत्सम शब्दको दृष्टिकोणले कथाको अध्ययन गर्दा समय परिवेश र कथाको विषयवस्तु हेर्दा उपयुक्त रूपमा तत्सम शब्दको प्रयोग भएको देखिन्छ । विधार्थीहरूको स्तर, अनुसार उचित देखिन्छ । ‘निद्रा’ कथामा जम्मा १२०५ ओटा शब्दहरू रहेका छन् जसमा १६६ ओटा तत्सम शब्दहरू रहेका छन् । प्रतिशतका हिसाबमा हेर्दा १३.७७ प्रतिशत तत्सम शब्द भएको पाइन्छ । यो कथा ऐतिहासिक भएकाले राणकालीन परिवेशलाई आधार बनाएको छ । त्यसैले गर्दा पनि १३.७७ प्रतिशत तत्सम शब्दहरूको प्रयोग हुनु यस तहको लागि उपयुक्त देखिन्छ ।

‘डाक्टर अङ्कल’ कथा सामाजिक यथार्थवादी कथा हो यस कथामा जम्मा ११९१ ओटा शब्दहरू रहेका छन् । जसमा १६५ ओटा तत्सम शब्दहरू रहेका छन् । प्रतिशतका हिसाबमा हेर्दा १३.८५ प्रतिशत तत्सम शब्दहरू भएको पाइन्छ । निद्रा कथामा भन्दा डाक्टर अङ्कल कथामा केही बढी मात्रामा तत्सम शब्द प्रयोग भएको पाइन्छ । यस कथामा तत्सम शब्दको प्रयोग विधार्थीको रुचि, क्षमता, स्तरलाई ध्यान दिएर प्रयोग भएको पाइन्छ । “बन्धनबाट मुक्ति” कथामा

जम्मा ११९५ ओटा शब्दहरु रहेका छन् जसमा १८० ओटा तत्सम शब्दहरू रहेका छन् । प्रतिशतका हिसाबमा हेर्दा १५.०६ प्रतिशत तत्सम शब्द भएको पाइन्छ । चार ओटा कथाहरू मध्ये सबै भन्दा बढी तत्सम शब्दको प्रयोग भएको कथा बन्धनबाट मुक्ति कथा पाइयो । यस कथामा कथाकारले विधार्थीको स्तर, क्षमता, तह अनुरूप तत्सम शब्दको प्रयोग गरेको पाइयो ।

यसरी कक्षा नौको कथा विधामा राखिएको ४ ओटा कथाहरूमा जम्मा ५००० ओटा शब्दहरू प्रयोग भएकोमा ६६३ ओटा तत्सम शब्द रहेका छन् भने १३.२६ प्रतिशत तत्सम शब्दको प्रयोग भएको पाइन्छ । ती चार ओटा कथालाई अध्ययन गर्दा सबै भन्दा बढी तत्सम शब्द बन्धनबाट मुक्ति कथामा भएको पाइयो भने सबै भन्दा कम अनारको बोट कथामा भएको पाइन्छ । उक्त कथाहरू कक्षा नौको तहको लागि आवश्यकता अनुरूप, स्तरअनुरूप, रूचि र चाहनाअनुरूप आगन्तुक शब्दहरू धेरै आइरहेका छन् यसैले गर्दा विधार्थीले मूल नेपाली शब्द ( तत्सम) जान्नु अतिनै आवश्यक भएको हुँदा कक्षा नौको लागि कथा विधामा प्रयोग भएका तत्सम शब्दहरू समग्रमा स्तर अनुसार उपयुक्त रहेको पाइन्छ ।

# अध्यायपाँच :निष्कर्ष, उपयोगिता र सुझाव

## ५.१ निष्कर्ष

संस्कृत भाषा  नेपाली भाषाको जननी भाषा हो । नेपाली भाषा संस्कृत भाषाबाट अपभ्रंश हुदै विकसित भएको हुनाले नेपाली भाषा साहित्यमा संस्कृत भाषाका तत्सम शब्दहरू धेरै रहेका छन् । नेपाली पाठ्यपुस्तकको कक्षा नौको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन एक महत्वपूर्ण र गहन कार्य हो । यसको अध्ययनले शिक्षकहरूलाई अध्ययनको क्रममा सहज र सरल हुनुको साथै शब्दभण्डार वृद्धि समेत गराउँछ कथामा प्रयोग भएका तत्सम शब्दहरूको अध्ययनबाट विद्यार्थीहरूमा शब्दभण्डारको वृद्धि हुनुको साथै वक्तृत्व क्षमता र लेखन सीप तथा भाषिक कौशलता समेतमा सहयोग पुग्ने देखिन्छ । संस्कृत भाषाप्रतिको उदासनिताका कारण ह्रास भइरहेको नेपाली भाषाको स्तर वृद्धिका लागि तत्सम शब्दको प्रयोग तथा अध्ययनले सम्बन्धित सबैमा सहयोग पुग्ने देखिन्छ । नेपाली भाषा साहित्यमा आगन्तुक शब्दको प्रयोग बढ्दै गएता पनि यसमा संस्कृत भाषाबाट आएका तत्सम शब्दहरूको छुट्टै महत्व र स्थान रहेको  छ । संस्कृतबाट रूप नफेरिइकन जस्ताको तस्तै नेपाली भाषामा प्रयोग हुन आएका तत्सम शब्दहरूको साहित्यमा महत्वपूर्ण स्थान  रहेको छ । यी शब्दको प्रयोग, समय परिवेश अनुकुल रहेको पाइन्छ ।

कक्षा नौको नेपाली विषयको कथा विधामा प्रयुक्त  तत्सम शब्दको अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्ष अर्थात यो शोधकार्यको निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

- शोधपत्रको सुरूमा भाषा, शब्द, शब्दवर्गीकरण, बनोट, प्रकिया, अर्थ र पृष्ठ आदिलाई प्रस्तुत गरिएको,
- संस्कृत भाषाबाट जस्ताको तस्तै रूप नफेरिई नेपाली भाषामा प्रयोगमा आएका शब्दलाई तत्सम शब्द भनिएको,
- शब्दलाई शब्द वर्ग, बनोट प्रक्रियाका आधारमा वर्गीकरण गरिएको,
- तत्सम शब्दको अर्थ प्रष्ट पारिएको,
- तत्सम शब्दहरूलाई शब्दवर्ग, बनोट प्रक्रिया अर्थ र पृष्ठ सङ्ख्या समेत उल्लेख गर्दै वर्णानुकममा राखिएको ,
- कुन पाठमा जम्मा कति शब्द रहेको, त्यसमध्ये कति तत्सम शब्द रहेको, तत्सम शब्दको प्रयोगको प्रतिशत कति रहेको र कुन पाठमा कुन-कुन तत्सम शब्दहरू कति पटक आवृत्ति भएको भन्ने कुरा तालिका सहित प्रष्ट पारिएको,

- तत्सम शब्दहरूको वर्ग अन्तरर्गत नाम,विशेषण र क्रियायोगी आदिको आधारमा छुट्याइएको,
- तत्सम शब्दहरूको व्युत्पादन हुने शब्दहरूको व्युत्पत्ति प्रक्रिया देखाइएको र नहुने मूल शब्दलाई जस्ताको तस्तै राखिएको,
- शब्द प्रयोगको दृष्टिले सबै भन्दा धेरै शब्दहरूको प्रयोग भएको कथा 'अनारको बोट' (१४०९) रहेको र सबभन्दा थोरै शब्दहरूको प्रयोग भएको कथा 'डाक्टर अङ्कल' (११९१) रहेको,
- तत्सम शब्दको प्रयोगका दृष्टिले सबैभन्दा बढी तत्सम शब्दको प्रयोग भएका कथा 'बन्धनबाट मुक्ति' (१८०) रहेको र तत्सम शब्दको प्रयोग सबैभन्दा कम रहेको कथा 'अनारको बोट' (१५२) रहेको,
- प्रतिशतका दृष्टिले सबै भन्दा बढी तत्सम शब्दको प्रयोग भएको कथा 'बन्धनबाट मुक्ति' (१३.८५) प्रतिशत रहेको र सबै भन्दा कम तत्सम शब्दहरूको प्रयोग भएको कथा 'अनारको बोट ' (१०.७८) प्रतिशत रहेको ,

## ५.२. उपयोगिता

कुनै पनि अध्ययन वा कार्यका पछाडि कुनै कार्य सकारात्मक पक्षसँग जोडिएर आउने गर्दछन् भने कुनै नकरात्मक पक्षसँगै जोडिएर आउने गर्दछन् । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेका कथा विधाको अध्ययनले तत्सम तथा नेपाली भाषको बारेमा अध्ययन गर्न चाहने व्यक्तिलाई कुनै न कुनै अवस्थामा सहयोग र फाइदा पुग्ने देखिन्छ । त्यसैले यस अध्ययनको पनि केही उपयोगिताहरू यहाँ उल्लेख गरिन्छ ।

यस शीर्षकसँग सम्बन्धित रहेर अभ्ययन गर्ने भावी अध्ययनकर्तालाई सहयोग पुग्ने देखिन्छ ।

संस्कृत तथा नेपाली भाषाको अध्ययनमा शब्दको वर्ग बनोट प्रक्रिया र अर्थ पहिल्याउन सहयोग पुग्छ ।

कक्षा नौको पाठ्यक्रममा तत्सम शब्दको महत्व बुझाएर पाठमा प्रयोग भएका शब्दहरू कति छन् त्यही अनुरूप तत्सम शब्दको प्रयोग गर्न निर्देशन दिने कुरामा सहयोग पुग्छ ।

### ५.२.१. नीतिगत तह

नेपाली तथा संस्कृत भाषाको महत्व दर्शाउन यो अध्ययनले पाठ्यक्रमको नीतिनिर्माणको तहमा निम्नानुसार सहयोग पुग्ने देखिन्छ ।

१. पाठ्यक्रममा स्तर अनुकुल तत्सम शब्द भएका कथा समावेश गरिनु उपयुक्त हुने ।

२. तत्सम शब्दको महत्वलाई ध्यान दिदै स्तर र कथाको विषयवस्तु हेरेर त्यसै अनुरूपको तत्सम शब्दहरू कथामा समावेश गर्न वाञ्छनीय हुने ।

३. धेरै सजिलो तत्सम शब्दहरूलाई भन्दा बढी अप्ठ्यारा तत्सम शब्दहरूलाई धेरै पटक दोहोऱ्याउनु ।

४. तत्सम शब्द नेपाली भाषाको जननी शब्द भएकाले नेपाली भाषाको विकासमा तत्सम शब्द बढी भएका कथा पाठ्यक्रममा छनोट गर्न ।

यसरी संस्कृत भाषाको अध्ययन अध्यापन कार्यान्वयन नहुँदा नेपाली भाषा असहज र क्लीष्ट बन्दै गएको र तत्सम शब्दको अध्ययन अध्यापन र प्रयोगले नेपाली भाषाको शब्दभण्डारमा वृद्धि र शिक्षकको कार्यक्षमता र विधार्थीको शब्दभण्डारमा वृद्धिका साथै भाषिक सीपको विकास हुने भएकाले संस्कृत तथा नेपाली भाषाको अध्ययन अध्यापनका लागि निति निर्माणले चासो राख्नु अनिवार्य छ ।

### ५.२.२ कार्यान्वयन तह

तत्सम शब्दले नेपाली भाषाको विकासमा प्रत्यक्ष सहयोग पुऱ्याउने भएकाले यो शोधपत्रले प्रयोगत तहमा पनि सहयोग पुऱ्याउने देखिन्छ । यो शोधपत्रले कक्षा नौमा प्रयोग भएका कथाहरूको अवस्थामा सम्बन्धित पक्षको ध्यानाकर्षण गर्दै पाठ्यक्रममा तत्सम शब्दको प्रयोग अझ बढी भएका कथा छनोट र कथामा प्रयोग भएका शब्दहरूलाई हेरि त्यसै अनुरूपमा तत्सम शब्दको प्रयोग गर्न र सजिला शब्द भन्दा अप्ठ्यारा शब्दहरूको बढी आवृत्ति भएका कथाहरू समावेश गर्नुपर्ने र नेपाली भाषाको बारेमा गहिरो अध्ययन गरिरहेका विधार्थी एवम प्राध्यापक वर्गलाई सहयोग पुग्ने देखिन्छ । तत्सम शब्दको शब्द वर्ग ,बनोट प्रक्रिया र अर्थको जानकारी हुने भएकाले यसको अध्ययनले शिक्षण कार्यमा सहयोग पुग्ने देखिन्छ । यस शोध कार्यले कथा विधामा मात्र नभइ अन्य विधा शिक्षणका लागि पनि सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

### ५.३. सुझाव

कक्षा नौको नेपालीमा कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन र विश्लेषणबाट निकालिएको निष्कर्षका आधारमा निम्नलिखित सुझाबहरू प्रस्तुत गरिएको छ :-

कथा विधामा प्रयुक्त कथाहरूमा कुनै कथामा कम तत्सम शब्दको प्रयोग भएको पाइन्छ । तर सबै कथामा समान रूपमा तत्सम शब्द प्रयोग गरिएका कथाहरू समावेश गरिनु उपयुक्त हुन्छ ।

शब्द प्रयोगका हिसाबले कुनै कथामा सबै भन्दा धेरै शब्दहरू छन् त्यस कथामा कम तत्सम शब्दको प्रयोग पाइन्छ भने कुनै कथामा शब्दहरू अरू कथामा भन्दा कम छ त्यसका तत्सम शब्दको प्रयोग बढी रहेको पाइन्छ तर कति कथामा कति शब्द प्रयोग भएको छ त्यसै अनुरूप समान रूपमा तत्सम शब्दहरूको प्रयोग गरिनु पर्दछ ।

अप्ठ्यारा शब्दहरूको आवृत्ति धेरै पटक भएमा विधार्थीहरूलाई अध्ययनमा सहजता हुन्छ ।

कक्षा नौको कथा विधा छनोट गर्दा शब्द प्रयोगलाई ख्याल गरी तत्सम तत्भव र आगन्तुक सबै किसिमका शब्दको समानुपातिक मेल भएका कथा छनौट गर्नुपर्दछ ।

सजिलो तत्सम शब्दहरूको आवृत्ति धेरै पटक भएकाले उपयुक्त रूपमा कथामा तत्सम शब्दको आवृत्ति गर्नुपर्ने देखिन्छ ।

#### ५.३.१. आगामी अनुसन्धानका लागि शीर्षक

अध्ययन अनुसन्धान निरन्तर हुने प्रक्रिया हो । यो धेरै प्रयासबाट मात्र सम्भव छ यसको क्षेत्र व्यापक र विस्तृत छ । यस शोध अध्ययनले समेट्न नसकेका विषयहरू धेरै छन् । यो अभावलाई पछि आउने शोधकर्ताले अध्ययन अनुसन्धान गर्न सक्नेछन् । यस तहमा तत्सम शब्दमा केन्द्रित रहेर शीर्षकहरू यस प्रकार छन् :-

- कक्षा नौको नेपाली पाठ्यपुस्तकको निवन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।
- कक्षा नौको नेपाली पाठ्यपुस्तकको जीवनी विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।
- कक्षा नौको नेपाली पाठ्यपुस्तकको कविता विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।
- कक्षा नौको नेपाली पाठ्यपुस्तकको संवाद विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।

## सन्दर्भकृति सूची


अधिकारी, हेमाङ्गराज (२०४९), **समसामयिक नेपाली व्याकरण**, कुञ्जल प्रकाशन, काठमाडौं ।

–(२०५२), **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति**, विद्यार्थी पुस्तक भण्डार,काठमाडौं ।

–(२०५५), **नेपाली भाषा शिक्षण**, कुञ्जल प्रकाशन, काठमाडौं ।

कार्की, प्रदीप (२०७०), **कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निवन्ध र कथा विधामा प्रयुक्त तत्सम  शब्दहरूको अध्ययन** (अप्रकासित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

खत्री ज्ञानेन्द्र, (२०७४), **नेपाली पाठ्यपुस्तकमा समाविष्ठ निवन्ध विधाका तत्सम शब्दहरूको अध्ययन**,(अप्रकासित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

गौतम, अमृता (२०७२), **कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकका कथा विधामा प्रयुक्त तत्सम शब्दकोअध्ययन** ( अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०४०), **नेपाली बृहत शब्दकोश**, प्रथम संस्करण, काडमाडौं : प्रज्ञा छापाखाना ।

नेम्वाङ्ग, देवीमाया (२०७१),**नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** ( अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

बराल, टिकादत्त, (२०६८), **तत्सम नेपाली व्युत्पत्ति कोश**, काठमाण्डौ, विद्यार्थी पुस्तक भण्डार ।

बराल राधिका, (२०७४), **वी एड प्रथम वर्षको ऐछिक नेपालीअर्न्तरगत कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

बस्नेत नारायण (२०७१),**स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्द** ( अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

भट्टराई डी.पी. र डिल्लीराम ढुङ्गेल (२०६७), **माध्यामिक नेपाली व्याकरण र अभिव्यक्ति** (आठौं संस्करण) , काठमाडौ, विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई बद्री विशाल र हेमाङ्गराज अधिकारी (२०६१/२०७०),**प्रयोगात्मक नेपाली शब्दकोश** ( प्रथम संस्करण ) काठमाडौ, विद्यार्थी पुस्तक भण्डार

लिम्बू, शीला (२०७३), **एम एड प्रथम वर्षको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** ( अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

**शर्मा वसन्तकुमार** (२०६१), **नेपाली शब्दसागर**, काठमाडौं साझा प्रकाशन ।

**वैयक्तिक विवरण :**

| | |
|---|---|
| नाम : | उमिता पौडेल |
| लिङ्ग : | महिला |
| बुबाको नाम : | भीम प्रसाद पौडेल |
| पति को नाम : | शंकर कार्की |
| ठेगाना : | इटहरी २, आपगाछी |
| जन्ममिति : | २०४३/१०/२५ |
| जन्मस्थान : | स्याङ्जा |
| बैबाहिक स्थिती : | बिवाहित |
| राष्ट्रियता : | नेपाली |
| धर्म : | हिन्दु |
| रक्त समूह : | ओ पोजेटिभ |
| सम्पर्क नं. : | ९८४७२२४००० |

शैक्षिक योग्यता :

| **क्र.सं.** | **तह** | **शैक्षिक संस्था** | **कैफियत** |
|---|---|---|---|
| १. | स्नातकोत्तर तह | जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी | अध्ययनरत |
| २. | स्नातक तह | तानसेन बहुमुखी क्याम्पस, तानसेन , पाल्पा | |
| ३. | दश जोड दुई | भानुभक्त उच्च मा.वि., गल्याङ्ग, स्याङ्जा | |
| ४. | माध्यामिक तह | नरोदय मा.वि., पिडीखोला , स्याङ्जा | |